का.जि.प्र.का.द.नं. १००/०५१/५०
१८ माघ २०८२
आइतबार
1 February 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २४, अंक १०। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## दल बदलेर उम्मेदवार

# टिकटकै लागि राजनीतिक निष्ठाको अवसान

### चुनावको मुखमा दल बदल्ने प्रवृत्ति यतिसम्म छ कि त्यस्ता उम्मेदवारहरू कहिले राजावादीकहाँ पुग्छन् त कहिले गणतन्त्र पक्षधर हुन्छन् । कांग्रेस र कम्युनिष्ट फेरिनु त सामान्यजस्तै छ ।

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, १७ माघ

कुनै एक राजनीतिक दलमा आबद्ध भएर वर्षौं काम गरेको नेताहरूले यसपटकको प्रतिनिधि सभामा उम्मेदवार बन्नकै लागि दल बदलको हि्वम चलाए । आफू आबद्ध दलबाट उम्मेदवारी नपाएपछि टिकटको बार्गेनिङ गरिरहेका आकांक्षी अन्तिम घडीमा पार्टी छाडेर अर्को दल प्रवेश गर्ने शृंखला नै चलाएका हुन् ।

फागुन २१ मा हुने प्रतिनिधि सभाको निर्वाचनमा ३० भन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवार दल बदलेर चुनावी मैदानमा छन् । यो निर्वाचनमा सबैभन्दा बढी आठ जना नेता नेपाली कांग्रेस छाडेर रास्वपालगायत अन्य दलबाट टिकट लिएका छन् । त्यस्तै, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टीबाट दल अदलबदल गर्ने बढी छन् । टिकटकै लागि दल बदल्ने अधिकांश उम्मेदवार तराई मधेश केन्द्रित छन् । अघिल्ला निर्वाचनमा नेताहरूले दल बदल्ने अभ्यास गर्दै आएका कारण यो अभ्यास नैलो होइन । यद्यपि यसपटकको निर्वाचनमा ठुला भनिएका राजनीतिक दलहरूमै ठुलो संख्यामा दल बदल गरेर टिकट लिने दिने काम भएका हुन् । दलहरूमा देखिएको यस्तो प्रवृत्तिले राजनीतिमा विचार र निष्ठाको अवसान हुँदै गएको छ ।

दल बदलेरै भए पनि एकै व्यक्ति पटकपटक उम्मेदवार बनेपछि मतदाता एउटै अनुहारप्रति आजित भएको बताएका छन् । अवसरवादी जहिले पनि सत्ता र शक्तिका लागि पार्टीको विचारभन्दा आफ्नो स्वार्थमा केन्द्रित हुने गरेको राजनीतिक वृत्तमा बहस सुरु भएको छ ।

प्रतिनिधि सभा निर्वाचनका लागि कपिलवस्तु-२ बाट प्रत्यक्षतर्फ उम्मेदवार सिफारिस भएका नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि बिक्रमसिंह थापाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा प्रवेश गरेर टिकट लिए । पूर्वएसएसपी समेत रहेका थापा २०७९ को निर्वाचनमा लुम्बिनी प्रदेश सभा सदस्यमा उम्मेदवार थिए । यसपटक कांग्रेसबाट टिकट नपाएपछि उनले रास्वपाबाट कपिलवस्तु-२ मा उम्मेदवारी दिए ।

लुम्बिनी प्रदेशकै अर्को जिल्ला, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का कांग्रेस नेता विक्रम खनाल पनि ४२ वर्ष सक्रिय रहेको कांग्रेस त्यागेर रास्वपा प्रवेश गरे । २०७० मा कांग्रेसबाट संविधान सभा सदस्य बनेका लुम्बिनी प्रदेशका महामन्त्रीसमेत हुन् । २०७९ को प्रतिनिधि सभा निर्वाचनमा कांग्रेसका उम्मेदवार विनोद चौधरीलाई असहयोग गरेको भन्दै कारबाहीमा परेका खनालको कारबाही फुकुवा भएसँगै उम्मेदवार बन्ने दौडधुपमा थिए ।

त्यस्तै, सुनसरी-४ का कांग्रेसका युवा अबुल हुसेन अन्सारी उम्मेदवारी दिने अघिल्लो दिनसम्म पार्टीको विशेष महाधिवेशनबाट आएको नयाँ नेतृत्वविरुद्ध सडकमा नारा लगाइरहेका थिए । तर एकाएक एमालेले टिकट दिने भएपछि उनले कांग्रेस त्यागेर एमाले बनेका हुन् । अन्सारीले सुनसरी-४ को टिकट लिएसँगै एमालेभित्र विद्रोह हुने अवस्था आएपछि एमालेले उनलाई रोकेर पुरानै नेता जगदीश कुसियतलाई उम्मेदवार बनायो । यो प्रकरणमा अन्सारी नमज्जाले फसे । रुपन्देही-४ मा कांग्रेसबाट निर्वाचित पूर्वप्रतिनिधि सभा »» पृष्ठ २ मा

## बिमा बोर्डको निर्देशन

# अनावश्यक बिरामीलाई ‘रिफर’ नगर्नू



सेवा प्रदायक स्वास्थ्य संस्थाले आफ्नो संस्थामा पर्याप्त सेवा हुँदाहुँदै बिरामीहरूलाई रिफर गर्ने गरेको गुनासोलाई सम्बोधन गर्न बोर्डले निर्देशन दिएको हो ।

**विकेश मल्ल**
**सूचना अधिकारी**
**स्वास्थ्य बिमा बोर्ड**




**सपना बोहरा / मध्यान्ह**
काठमाडौं, १७ माघ

स्वास्थ्य बिमित बिरामीहरूले अस्पतालमा स्वास्थ्य उपचार गराउने झमेला बेहोर्दै आएका छन् । प्रथम सेवा बिन्दुबाट प्रेषण भई रिफरल सेन्टरमा जाँदा निकै सास्ती बेहोर्दै आएको अवस्थामा स्वास्थ्य बिमा बोर्डले बिरामीलाई अनावश्यक रिफर नगर्न निर्देशन दिएको छ । बिमित सेवाग्राहीलाई प्रेषण प्रक्रिया सहज बनाउन यस्तो निर्देशन दिएको छ ।

स्वास्थ्य बिमा बोर्डले बिमामा आबद्ध सबै स्वास्थ्य संस्थालाई बिरामीलाई बिमितलाई रिफर (प्रेषण) नगर्न निर्देशन दिएको हो । बोर्डका सूचना अधिकारी विकेश मल्ल अनावश्यक रिफर गर्दा बिरामीलाई पनि सास्ती हुने र अनावश्यक स्वास्थ्य परीक्षण हुने भएकाले अनावश्यक रिफर नगर्न अस्पताललाई निर्देशन दिइएको बताउँछन् ।

‘सेवा प्रदायक स्वास्थ्य संस्थाले आफ्नो संस्थामा पर्याप्त सेवा हुँदाहुँदै र हुनुपर्ने सेवा उपलब्ध गर्नुपर्नेमा स्वास्थ्य बिमा ऐन हुँदा पनि बिरामीलाई रेफर गर्ने गरेको गुनासोलाई सम्बोधन गर्न बोर्डले निर्देशन दिएको हो,’ उनले भने, ‘२०७४, स्वास्थ्य बिमा नियमावली २०७५ तथा प्रेषण कार्यविधि २०८० विपरीत अनावश्यक रूपमा प्रेषण गरेको पाइएको छ ।’

सबै सेवा प्रदायक स्वास्थ्य संस्थालाई परिपत्र गर्दै आफ्नो अस्पतालमा उपलब्ध सेवा नजरअन्दाज गरी बिरामीलाई अनावश्यक रिफर नगर्न निर्देशन दिएको उनले बताए ।

बोर्डले सेवा उपलब्ध गराउन नसक्ने भएमा प्रेषण पुर्जी भरी त्यस्तो सेवा सुनिश्चित हुनेगरी नजिकको स्वास्थ्य संस्थामा पठाउन निर्देशन दिएको छ ।

अनावश्यक प्रेषण गरेको पाइएमा दाबी मूल्यांकन तथा रुजु गर्दा त्यस्तो सोध भर्ना नगरिनाका साथै त्यस्ता स्वास्थ्य संस्थाको स्वास्थ्य बिमा नियमावली २०७५ अनुसूची ८ को ४ (ग) बमोजिम सम्झौता स्थगन वा रद्द हुने बोर्डका सूचना अधिकारी मल्लले जानकारी दिए । देशभर ५ सय १० वटा अस्पताल स्वास्थ्य बिमा बोर्डसँग आबद्ध छन् । जसबाट १ »» पृष्ठ २ मा

# पेचिलो बन्दै टेरामक्स प्रकरण

### विज्ञ टोली बनाएर थप प्रमाण संकलन र संकलित विवरणको अध्ययन गर्दै विशेष अदालत




**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १७ माघ

टेरामक्स प्रकरणले परिचित एउटा आर्थिक अनियमितताको आशंका गरिएको विषय अदालत पुगेर पनि टुंगिन सकेको छैन । बरु अदालती प्रक्रियामा समेत यो विषय पेचिलो बन्दै गएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान टुंग्याएर विशेष अदालतमा मुद्दा दायर गरेको छ । अख्तियारले लिएका आधार समेतमाथिको प्रमाण हेरिरहेको विशेष अदालतले विज्ञहरूको टोली गठन नै बनाएर थप प्रमाण संकलन र संकलित विवरणको अध्ययन गर्दै छ । जसले खरिद गरिएको प्रणाली साँच्चै उपयुक्त छ कि छैन भनेर जाँच्नेछ ।

विशेष अदालतका न्यायाधीश नारायणप्रसाद पौडेल, हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठ सम्मिलित इजलासको निर्देशनअनुसार जडान भइसकेको टेरामक्स प्रणाली सम्झौताअनुसारको गुणस्तरमा रहेको वा नरहेको यकिन गर्न विज्ञहरूको टोली गठन गरिएको हो । जसअनुसार »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# अमेरिकाको मौसमी भिसामा नेपालीलाई के लाभ ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ माघ

अमेरिकाले आगामी सेप्टेम्बर ३० सम्ममा ६५ हजार मौसमी कामदार लैजाने भएको छ । आप्रवासी नीतिमा कडाइ गर्ने नीति लिएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले होटल तथा निर्माण क्षेत्रमा जनशक्तिको कमी भएपछि एच टू बी नामको मौसमी कामदार भिसा जारी गर्ने घोषणा गरेका छन् ।

अमेरिकी श्रमको अभावका कारण गम्भीर कठिनाइको जोखिममा रहेका रोजगारदाताहरूलाई यसले सहयोग पुऱ्याउने बताइएको छ । मौसमी कामदारलाई कन्स्ट्रक्सन, होटल पर्यटन र समुद्री खाना प्रशोधन जस्ता व्यवसायहरूमा रोजगारी उपलब्ध रहेको रोयटर्सले बताएको छ । यसअघि यी क्षेत्रमा ६६ हजार मौसमी कामदार रहेका छन् ।

पूर्वराष्ट्रपति जो बाइडेन र ट्रम्पको अघिल्लो कार्यकालमा पनि ठुलो मात्रामा मौसमी कामदार माग गरिएको थियो । ट्रम्पको आप्रवासी र गैरआवासीय कामदार घटाउने निर्णयले निर्माण व्यवसाय प्रभावित भएको बताइएको छ ।

एच वान बी कार्यक्रममार्फत विदेशी कामदार भित्र्याउन प्राविधिक कम्पनीहरूलाई कठिन बनाइएको छ ।

नेपालमा मौसमी कामदारको श्रम स्वीकृति सम्बन्धमा स्पष्ट दृष्टिकोण देखिएको छैन । सामान्यतया कृषि वा अन्य मौसमी कामदारको डिमाण्डसँग जोडिएको छोटो अवधिको »» पृष्ठ २ मा

## स्याङ्बाको अध्यक्षतामा तामाङ व्यवसायीहरूको नयाँ कार्यसमिति



**काठमाडौं / मस–** वैदेशिक रोजगार व्यवसायी तामाङ समाजको तेस्रो राष्ट्रिय अधिवेशन एवं आठौं साधारण सभाले वैदेशिक रोजगार व्यवसायी मोहन स्याङ्बाको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको छ । शुक्रबार भएको समाजको साधारण सभाले सर्वसम्मतिले निर्विरोध रूपमा नयाँ कार्यसमितिनिर्वाचित गरेको हो । »» पृष्ठ २ मा

जाडोबाट बच्ने उपाय ।

- जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्यधिक चिसो हुन सक्छ।
- चिसोको कारण प्रदूषण बढ्ने गर्छ।
- चिसो तथा प्रदूषणको कारण रुघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ ।
- चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्कलगायतका अङ्गमा गम्भीर असर पुग्न सक्छ।
- बालबालिका, बुद्धवृद्धा, गर्भवती महिला तथा दमका बिरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुलो, धुँवा तथा चिसोबाट बचौं र बचाऔं।
- सकेसम्म घरभित्रै बसौं, निस्कनैपर्ने भए न्यानो कपडा लगाएरमात्र निस्कौं।

*कुनै समस्या परे चिकित्सकसंग परामर्श गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

युएईमा वैदेशिक रोजगारीको सुवर्ण अवसर

कम्पनी: DAR AL BAYAD CLEANING SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/१०/१५ चलानी नं.: ६०२५१४९९ L.T. No.: 337971

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 25 | 5 | स. काममा दक्ष | 1200 | ४७,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २५ गते (8 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NextGen Global Placement Pvt. Ltd.
Tokha- 07, Samakhusi, Kathmandu, Nepal.
Tel No: 014972172, Mob: 9851019844, 9851210354, 9851361620
Email :nextgenglobalplacement@gmail.com,
Website: www.nextgenplacement.com
Gov Lic. No. 1771/081/082
@globalwithnextgen

# बदलिएको कांग्रेसमा सिद्धान्त र आदर्श प्राथमिकतामा : सभापति थापा




**काठमाडौं/मस-** नेपाली कांग्रेस ओखलढुंगाले आगामी प्रतिनिधिसभाको निर्वाचनमा जित निकाल्नका लागि चुनावी तयारीलाई तीब्रता दिएको छ । इटहरी र पोखरामा बसोबास गर्ने ओखलढुंगे मतदाताहरूसँग अन्तक्रिया कार्यक्रम सकेसँगै शनिबार काठमाडौंमा बृहत् कार्यक्रम गऱ्यो ।

नेपाली कांग्रेस ओखलढुंगा-काठमाडौं सम्पर्क समितिद्वारा आयोजित 'निर्वाचन केन्द्रित भेटघाट कार्यक्रम'लाई कांग्रेसका सभापति गगन थापाले सम्बोधन गरे । नेपाली कांग्रेसले नयाँ अनुहारका रूपमा नेता कुमार लुइटेललाई उम्मेदवार बनाएको छ । इमान्दार र निस्कलंक नेता लुईटेल अहिले सम्म कुनै पदीय जिम्मेवारीमा नरहेका नेता हुन् । लुइटेलको उम्मेदवारीले ओखलढुंगाका नागरिकले परिवर्तनको महसुस भएको बताएका छन् ।

शनिबार पार्टी सभापति थापाले बदलिएको कांग्रेसका लागि सत्ताभन्दा पार्टीको सिद्धान्त र आदर्श प्राथमिकतामा रहेको बताएका छन् । पार्टी स्थापनाका मूल्य-मान्यता र आदर्शबाट विचलित नहुने संकल्प रहेको बताए । सभापति थापाले भने, 'सत्ताभन्दा ठुलो सिद्धान्त हुन्छ । गाह्रो होला, बरु भुइँमा बस्छौं तर बदलिएको कांग्रेसले सिद्धान्तविपरीत गएर सरकारमा सहभागी हुने सम्झौता गर्ने छैन ।'

काँग्रेसमा आएको यो बदलाव केवल स्वरूपमा नभई सोच र कार्यशैलीमा आएको उल्लेख गर्दै उनले परिस्थितिका कारण सोच बदलिएको र सोच बदलिएपछि काम गर्ने शैली स्वतः परिवर्तन हुने दाबी गरे । 'हाम्रो सोच, संकल्प र शैली नयाँ छ, यो कसैको लहडमा जन्मिएको होइन, बरु पुरानै काँग्रेसलाई परिष्कृत गरेर ल्याइएको नयाँ स्वरूप हो, थापाले थप्नुभयो, अब हामी नागरिकले देश बदल्न गरेका आह्वान र मुद्दाहरूलाई प्रमुख प्राथमिकताका साथ बोक्छौं, उनले भने ।

ओखलढुंगालाई सहिदहरूको जिल्ला र काँग्रेसको किल्लाको रूपमा चित्रण गर्दै उनले आगामी निर्वाचनमा उच्च मनोबलका साथ विजय हासिल गर्ने विश्वास व्यक्त गरे । कार्यक्रममा पूर्व सांसद तथा कांग्रेस नेता रामहरि खतिवडाले ओखलढुंगा कांग्रेसभित्र कुनै पनि मतभेद नरहेको र सबै मिलेर उम्मेदवार जिताउन लाग्ने दाबी गरे । 'हामी सबैको जिम्मेवारी कांग्रेस जिताउने हो । हामी रूख हेरेर चुनावी मैदानमा जादै छौं । मेरा भगवानरूपी जनताले कांग्रेसका उम्मेदवारलाई जिताएर पठाउनुहुन्छ भन्ने विश्वास छ ।'

कार्यक्रममा कोशी प्रदेशका भौतिक पूर्वाधार मन्त्री प्रदीप सुनुवार र ओखलढुंगा काँग्रेसका सभापति तेजेन्द्र खनालले निर्वाचनका लागि विभिन्न समिति गठन गरी काम अगाडि बढाइसकिएको जानकारी दिँदै एकताको सन्देश प्रवाह गरे । उम्मेदवार कुमार लुइटेलले अग्रज नेताहरूले देखाएको बाटोमा हिँडेर जिल्लाको समग्र विकास र नीति निर्माणमा महत्वपूर्ण योगदान दिने अठोट व्यक्त गरे । पार्टीका अग्रहरूको सहयोगमा एकतावद्ध भएर फागुन २१ को निर्वाचनमा जिल्लाबासी नागरिकले कांग्रेसलाई जिताउने दाबी गरे । जनताको मतलाई सधैं सम्मान गर्ने र जिल्लाको विकास समृद्धिमा योगदान गर्ने उनको भनाई छ ।

भेटघाट कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बानियाँ, पूर्व सांसद चन्द्रकान्त दाहाल, नेता बालकृष्ण दाहाल, समानुपातिक उम्मेदवारहरू खिलनाथ दाहाल, गोमा केसी, सविता राईलगायतले काँग्रेसको विजय सुनिश्चित गर्न सबै सक्रिय हुनुपर्नेमा जोड दिए । कार्यक्रममा महिला संघकी केन्द्रीय सदस्य संगीता तामाङ, तरुण दलका अध्यक्ष प्रविण हाङ राई, नेविसंघका केन्द्रीय सदस्य रोशन महतरा र सम्पर्क समितिका सभापति खिला लुइटेलले पार्टीलाई जिताउन सबै तहबाट सहगोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

सम्पर्क समितिका सभापति लुइटेलले निर्वाचनमा पार्टीलाई विजयी गराउन सम्पर्क समितिले खेल्नुपर्ने भूमिका र तयारीका बारेमा प्रष्ट्याए । उनले जिल्लाबाट काठमाडौं आएर बसेका सबै नेता-कार्यकर्ताहरूलाई गोलबन्द गर्दै चुनावी अभियानलाई सशक्त बनाउने प्रतिबद्धता व्यक्त गरे । चुनावी अभियानलाई शसक्त बनाउन विभिन्न समिति तथा उपसमिति बनाइ सकिएकाले आइतबार बाटै गाउँ केन्द्रीयत अभियान सुरु गर्ने नेपाली कांग्रेसका जिल्ला सभापति तेजेन्द्र खनालले बताए ।

# भयरहित वातावरणमा मतदान गर्न पाउने सुनिश्चितता होस् : उपराष्ट्रपति



**काठमाडौं/मस-** उपराष्ट्रपति रामसहायप्रसाद यादवले आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा प्रत्येक मतदाताले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा मतदान गर्न पाउने सुनिश्चितता गर्नुपर्ने बताएका छन् ।

शनिबार सिंहदरबारमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनमा प्रत्येक मतदाताले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा मतदान गर्न पाउने सुनिश्चितता संघीय लोकतान्त्रिक गणतन्त्रको मुख्य आधार भएको बताए । यसका लागि सञ्चारमाध्यमहरुको भूमिका महत्वपूर्ण रहेको बताए ।

उनले निर्वाचनसम्बन्धी सही सूचना प्रवाह, मतदाताको सचेतना अभिवृद्धि, शान्तिपूर्ण वातावरणमा निर्माणमा सञ्चारमाध्यमले योगदान गर्नुपर्नै बताए । पत्रकारितालाई लोकतन्त्रको आधारस्तम्भ बनाउँदै समावेशिता, समान अवसर र सबैको आवाजलाई प्रतिनिधित्व गर्ने जिम्मेवारी दृढतापूर्वक निर्वाह गर्न आग्रह गरे । सत्य, निष्पक्षता, जनमुखी दृष्टिकोणलाई आत्मसात गर्दै राष्ट्र निर्माण लाग्न पनि आह्वान गरे ।

# काठमाडौंको नमुना मतपत्र सबैभन्दा ठुलो



**काठमाडौं/मस-** निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि विभिन्न जिल्ला र निर्वाचन क्षेत्रको मतपत्रको नमुना सार्वजनिक गरेको छ ।

आयोगले सातवटै प्रदेशका क्षेत्रको मतपत्रको नमुना सार्वजनिक गरेको हो । त्यसमा एउटा मात्र निर्वाचन क्षेत्र भएको जिल्लाको एक प्रकारको र एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाको बेग्लै मतपत्रको नमुनासमेत सार्वजनिक गरेको छ । नमुना मतपत्र मतदाता शिक्षाका लागि प्रयोग हुनेछ ।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार उम्मेदवारको सङ्ख्याका आधारमा पनि मतपत्रको नमुना तयार पारिएको छ । उम्मेदवार धेरै भएका निर्वाचन क्षेत्रका मतपत्रको आकार तुलनात्मक रूपमा ठुलो र कम उम्मेदवार भएका निर्वाचन क्षेत्रमा सानो मतपत्र छापिएको छ । सो आधारमा काठमाडौंको नमुना मतपत्र सबैभन्दा ठुलो रहेको छ ।

एउटा मात्र निर्वाचन क्षेत्र भएका कर्णाली प्रदेशका सल्ल्यान, डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट र रुकुम पश्चिममा तथा दैलेख र सुर्खेतमा दुईवटा निर्वाचन क्षेत्र छन् । ती जिल्लाको मतपत्रको नमुना पनि आयोगले सार्वजनिक गरेको छ । यसैगरी, सुदूरपश्चिम प्रदेशका बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी र डडेलधुरामा एउटा मात्र निर्वाचन क्षेत्र कायम छन् । अछाममा दुई, कञ्चनपुरमा तीन र कैलालीमा पाँच निर्वाचन क्षेत्र छन् । ती सबै निर्वाचन क्षेत्रको मतपत्रको नमुना पनि आयोगले सार्वजनिक गरेको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्रको छपाइ भइसकेको छ ।

# कांग्रेस महामन्त्री पौडेलले थाले नीति निर्माणबारे सुझाव संकलन

**काठमाडौं/मस-** नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले नीति निर्माण प्रक्रियामा नागरिक सहभागिता विस्तार गर्ने उद्देश्यसहित सुझाव संकलन अभियान सुरु गरेका छन् ।

आगामी प्रतिनिधि सभा निर्वाचनमा काठमाडौं-५ बाट कांग्रेसको तर्फबाट उम्मेदवार रहेका उनले खुला रूपमा सुझाव प्रस्तुत गर्न आग्रह गरेका हुन्।

पौडेलले सामाजिक सञ्जालमार्फत आगामी पाँच वर्षका लागि काठमाडौं -५ केन्द्रित नीतिगत दिशा तय गर्न नागरिकका विचार र प्रस्ताव आवश्यक रहेको उल्लेख गरेका छन् । उनका अनुसार इच्छुक सबैले अनलाइन तथा प्रत्यक्ष दुवै माध्यम प्रयोग गरी सुझाव दिन सक्ने व्यवस्था गरिएको छ ।

यसअघि प्रतिनिधि सभामा निर्वाचित हुँदा प्राप्त जनविश्वासलाई आधार मानेर यसपटक आगामी कार्यकालमा जनआकांक्षा अनुसार अघि बढ्ने तयारी स्वरूप सुझाव संकलन थालिएको उनको भनाइ छ । नीति निर्माणमा प्रत्यक्ष सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने लक्ष्य राखिएको उनले स्पष्ट पारेका छन् । महामन्त्री पौडेलले विभिन्न क्षेत्रका विज्ञ र सरोकार समूहसँग छलफल तथा भेटघाट गर्दै सुझाव संकलनलाई विस्तार गरिरहेका छन् । उनको सचिवालयका अनुसार विगत कार्यसम्पादन सार्वजनिक गर्ने, प्राप्त सुझाव र विज्ञका प्रतिक्रियाको विश्लेषण गर्ने तथा त्यसका आधारमा आगामी कार्ययोजना प्रस्तुत गर्ने तयारी भइरहेको छ ।

## टिकटकै...

सदस्य प्रमोद यादवलाई एमालेले टिकट दियो । २०७४ र २०७९ का दुवै निर्वाचनमा यही क्षेत्रबाट निर्वाचित भएका यादवले यसपटक पनि कांग्रेसबाटै टिकट लिन जोडबलका साथ लागेका थिए । तर कांग्रेसले आशुतोष मिश्रलाई उम्मेदवार बनाएपछि उनी एमाले प्रवेश गरेका हुन् ।

त्यस्तै, अछाम क्षेत्र नम्बर २ बाट उम्मेदवार बन्न चाहेका पुराना कांग्रेस नेता बलबहादुर कुँवर पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) प्रवेश गरेर टिकट लिएका छन् । २०७० को दोस्रो संविधान सभा र २०७४ को प्रतिनिधि सभा निर्वाचनमा उम्मेदवार बनेर पराजित भएका थिए । तनहुँ-२ मा कांग्रेस छाडेर राप्रपा प्रवेश गरेका यामबहादुर खाँड उम्मेदवार बनेका छन् । २०७९ को स्थानीय तह निर्वाचनमा वडाध्यक्षमा पराजित खाँडले नेताहरूमा निजी स्वार्थ हाबी भएकाले यस्तो निर्णय गरेको प्रतिक्रिया दिएका छन् । पूर्वमन्त्री वीरेन्द्रकुमार कनौडियाले पनि टिकटकै लागि कांग्रेस छाडेर एमाले रोजेका छन् । २०७४ मा प्रदेश सभा सदस्य निर्वाचित भएर मन्त्री भएका तर २०७९ मा पराजित उनी एमाले प्रवेशसँगै कपिलवस्तु-३ बाट उम्मेदवार बनेका छन् । त्यस्तै, कांग्रेसनिकट नेपाल शिक्षक संघमा लामो समय सक्रिय रहेका राजेश सिंह सामन्तले दुई महिनाअघि नै 'टिकट पक्का गर्दै' रास्वपा प्रवेश गरेर दार्चुलाबाट उम्मेदवार बनेका छन् । गत प्रतिनिधिसभाका स्वतन्त्र सांसद अमरेश कुमार सिंह राष्ट्रिय स्वतन्त्र पार्टीबाट सर्लाही ४ मा उम्मेदवार बनेका छन् । उनी यस अघिका तीन वटा निर्वाचनमा नेपाली कांग्रेसबाट निर्वाचित थिए । २०७९ को आम निर्वाचनमा टिक नपाएपछि स्वतन्त्र उम्मेदवार बनेर सांसद जितेका सिंह यस पटक रास्वपाबाट उम्मेदवार बनेका हुन् ।

नेकपाका नेता एवं पूर्वसांसद शिवपुजन यादव छोरा अमनिशकुमार यादवले टिकट नपाएको झोंकमा नेकपा छाडेर एमाले प्रवेश गरेका छन् । उनीसँगै सर्लाहीको बलरा नगरपालिकाका मेयर रामाशंकर कुशवाहसहितका कार्यकर्तासमेत एमालेमा गएका छन् । नेकपाले सर्लाही-४ मा डा. रजनिश रायलाई उम्मेदवार बनाएपछि एमालेबाट टिकट लिएका हुन् । २०६४ को पहिलो संविधान सभा निर्वाचनमा मधेशी जनअधिकार फोरमबाट संविधान सभा सदस्य बनेका यादव नेकपातिर लागेका थिए । नेकपाकै नेता एवं पूर्वश्रममन्त्री रामेश्वर राय यादव उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल प्रवेश गरेका छन् । सर्लाही-३ बाट टिकटका आकांक्षी उनी सो क्षेत्रमा नेकपाले राष्ट्रिय सभा सदस्यबाट राजीनामा गराएर नारायणकाजी श्रेष्ठलाई उम्मेदवार बनाएपछि जसपा प्रवेश गर्दै सर्लाही-४ को टिकट लिएका छन् । नेपाल सद्भावना पार्टीबाट राजनीति सुरु गरेका यादव मधेशी जनअधिकार फोरम हुँदै विजय गच्छदार नेतृत्वको फोरम (लोकतान्त्रिक)को सहअध्यक्ष समेत बनेका थिए । त्यस्तै, माओवादी केन्द्रबाट मधेश प्रदेश सभा सदस्य रहेका पर्साकै रहबर अन्सारी रास्वपा प्रवेश गरेर बारा-४ बाट उम्मेदवार बनेका छन् ।

त्यस्तै, नेकपा एमालेका पूर्वकेन्द्रीय सदस्य, पूर्वमन्त्री वृजेशकुमार गुप्ता नेकपामा प्रवेश गरेर कपिलवस्तु-२ बाट उम्मेदवार बनेका छन् । २०६४ र २०७० को संविधान सभा निर्वाचनमा तत्कालीन तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)बाट निर्वाचित भएका उनी २०७४ मा भने एमाले प्रवेश गरेर सांसद बनेका थिए ।

नेपाल सद्भावना पार्टीका नेता अनिल झा नेपाली कांग्रेस प्रवेश गरेसँगै रौतहट-१ बाट चुनाव लडेका छन् । २०५६ सालमा सद्भावना पार्टीको सहमहासचिवबाट राजनीतिक उचाइ बनाएका झा यसबीचमा राष्ट्रिय जनता पार्टी (राजपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पुगेका थिए । २०७० मा समानुपातिक सूचीबाट संविधान सभा सदस्य र २०७४ मा रौतहट-१ बाट प्रत्यक्ष निर्वाचन जितेका उनी उद्योगमन्त्रीसमेत भइसकेका व्यक्ति हुन् । २०६४ यता मधेशी जनअधिकार फोरम र जसपा नेपालका नेता मोहम्मद इस्तियाक राई यसपटक एमालेबाट उम्मेदवार बनेका छन् । उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल विभाजन गरेर अशोक राईको नेतृत्वमा जसपा गठन गर्न निर्णायक भूमिका खेलेका उनी मनोनयनको मुखैमा एमाले प्रवेश गरेका थिए । राप्रपाबाट राजनीति सुरु गरेका राई २०६२ सालमा मधेशी जनअधिकार फोरममा प्रवेश गरेका थिए । २०७४ को निर्वाचनमा एमालेकै उम्मेदवारलाई पराजित गरेका उनी २०७९ मा भने राप्रपाका धवलशमशेर राणासँग पराजित भएका नेता हुन् । राईसँगै जसपाका नेता, पूर्वमन्त्री प्रदीप यादव पनि टिकटका लागि अन्तिम घडीमा पार्टी त्यागेर एमाले प्रवेश गरे । यादव पर्सा-१ बाट उम्मेदवार बनेका छन् । यादवले २०६४ मा मधेशी जनअधिकार फोरमबाट राजनीति सुरु गरेका थिए ।

त्यस्तै, ओखलढुंगाका एमाले नेता अम्बिरबाबु गुरुङले पनि मनोनयनकै दिन एमाले त्यागेर नेकपाका नेता राम कार्कीको टिकट खोसेर उम्मेदवारी दर्ता गराएका छन् । एमालेले गाउँपालिका उपप्रमुख अस्मिता थापालाई उम्मेदवार बनाएपछि असन्तुष्ट बनेका गुरुङले जिल्ला कमिटी अध्यक्षसहित ३० जना जिल्ला तहका नेताहरू लिएर नेकपामा गएपछि एमालेलाई ओखलढुंगामा ठुलै धक्का लागेको छ । टिकटको आकांक्षी नै नभएकी थापालाई एमाले अध्यक्ष केपी शर्मा ओलीले एकलौटी निर्णय गरेको गुरुङको आरोप छ । 'पार्टीभित्र मेरो योगदानको अवमूल्यन भयो,' उनले भने, 'जिल्ला कमिटीले सिफारिस नै नगरेको र आकांक्षी नै नभएको व्यक्तिलाई टिकट दिएर पार्टी सिस्टम नै कोल्याप्स गर्ने पार्टीमा बसिरहँन सकिनँ । जनताको मागबमोजिम नेकपाबाट उम्मेदवार बनेको छु ।'

काठमाडौं-२ राप्रपाबाट रास्वपा छिरेर सुनिल केसीले टिकट लिएका छन् । केसी राप्रपाबाट बागमती प्रदेश सभा सदस्य थिए । उता नागरिक उन्मुक्ति पार्टीका नेता रामलाल डगौरा नेकपा प्रवेश गर्दै कैलाली-१ बाट उम्मेदवार बनेका छन् । उनी कैलालीको टीकापुर नगरपालिकामा नाउपाबाट निर्वाचित मेयर हुन् ।

जनार्दन शर्मा नेतृत्वको प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का केन्द्रीय सदस्य दीपक साउद एमालेमा प्रवेश गरेर अछाम-१ माबाट उम्मेदवार बनेका छन् । त्यस्तै, मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंह यादवले जनमत पार्टी छाडेर स्वाभिमान पार्टीबाट सप्तरी-२ मा उम्मेदवारी दिएका छन् । उपेन्द्र यादव नेतृत्वको जसपा नेपालबाट वीरगन्ज-१० को वडाध्यक्ष बनेका सुशील साह कानु पर्सा-२ बाट रास्वपाका उम्मेदवार बनेका छन् भने सोही पार्टीबाट निर्वाचित वीरगन्ज-२० को वडाध्यक्ष रामकिशोर सिंह (पराग) पर्सा-१ बाट उज्यालो नेपालको उम्मेदवार बनेका छन् । जसपाका नेता आत्मराम साहले प्रभु साह नेतृत्वको आमजनता पार्टी (आजपा) प्रवेश गरेर बारा-२ बाट उम्मेदवार बने । पूर्वकृषिराज्यमन्त्री एवं २०६४ का संविधान सभा सदस्य ओमप्रकाश यादव पनि जसपा छाडेर सिके राउत नेतृत्वको जनमत पार्टी प्रवेश गर्दै रुपन्देही-५ बाट उम्मेदवार बनेका छन् । यता अशोक राई नेतृत्वको जसपाका नेता डा. वीरेन्द्र महतो पनि सिराहा-४ को टिकट लिएर जनमत पार्टीमा प्रवेश गरेका छन् । एउटा पार्टी छाडेर अर्कोको सदस्यता लिनासाथ टिकट दिनेहरूले इमानदार कार्यकर्ता अवसरबाट वञ्चित भएका छन् । यसरी चुनावको मुखमा पार्टी फेर्ने नेताहरू चरम अवसरवादी भएको राजनीतिक विश्लेषक बताउँछन् । एउटा पार्टी छाडेर अर्कोको सदस्यता लिनासाथ टिकट दिनेहरूले इमानदार कार्यकर्तालाई अवसरबाट वञ्चित गरेकाले राजनीतिप्रतिको इमानदारिता मर्दै गएको राजनीतिक विश्लेषक मुमाराम खनालले बताए । 'वैचारिक सैद्धान्तिक दृष्टिकोणभन्दा पनि टिकटकै लागि दल बदल्नेहरू अवसरवादी हुन्,' खनालले भने, 'राजनीतिक दलहरूमा विचलन देखिएको छ । सत्ता र शक्तिका लागि जेसुकै गर्न पछि नपर्ने प्रवृत्तिले मुलुकको हित गर्दैन । रातारात दल बदल्ने र टिकट लिने दिने प्रवृत्तिले इमानदार राजनीतिकर्मी सधैं अवसरबाट वञ्चित हुने गरेका छन् ।'

## अनावश्यक...

करोड नागरिकले स्वास्थ्य बिमाको सेवा लिन्छन् । दैनिक ५० हजारले जनाले स्वास्थ्य बिमामार्फत सेवा लिने गरेको बोर्डले जनाएको छ । बोर्डका अनुसार एक महिनाको अवधिमा साढे २ अर्बबराबरको बिमितले सेवा लिन्छन् ।

सरकारले ७७ वटै जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम लागू गरेको छ । २०७२ सालमा गठन भएको स्वास्थ्य बिमा बोर्डले ७७ वटै जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम लागू गरेको हो ।

बिमा कार्यक्रममार्फत पाँच जनासम्मको परिवारको ३ हजार ५ सय रुपैयाँ बुझाएपछि त्यस घरमा रहेका सदस्यले १ लाख रुपैयाँबराबरको औषधि उपचार सरकारले तोकेको अस्पतालमा गराउन सक्नेछन् ।

पाँच जनाभन्दा बढी सदस्य भएपछि प्रतिसदस्य ७ सयका दरले बिमा रकम थप गर्नुपर्नेहुन्छ । त्यसबापत पाँच जनाभन्दा बढी सदस्यले प्रतिसदस्य २० हजारदेखि २ लाख रुपैयाँसम्म निःशुल्क उपचार गर्न पाउने व्यवस्था छ । ८० प्रतिशत बढी बिमितहरूले बिमाको नवीकरण गरेको बोर्डले जनाएको छ । बिमितहरूले १ हजार २ सय ८४ प्रकारका औषधी बिमा रकमबाट उपलब्ध गराइन्छ ।

## पेचिलो...

नेपाल दूरसञ्चार प्राधिकरणका वरिष्ठ इन्जिनियरको संयोजकत्वमा प्राविधिक विज्ञ समूह गठन गरिएको छ । सो समूहमा पुल्चोक इन्जिनियरिङ क्याम्पसका प्राध्यापक र केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का अधिकारीसमेत रहने व्यवस्था गरिएको छ ।

विज्ञ समूहलाई प्रणालीको प्राविधिक परीक्षण गरी प्रतिवेदन पेस गर्ने जिम्मेवारी तोकिएको अदालतले जनाएको छ ।

दूरसञ्चारको क्षेत्रमा हुने गैरकानुनी गतिविधि, भ्वाइस तथा डेटा सर्भिसको गुणस्तर मापन, अनुगमन र भ्वाइस, डेटाको कुल भोल्युम परीक्षण गर्ने एक खालको प्रविधि हो । यस प्रविधिले ट्राफिक व्यवस्थापन तथा अनुगमन, नेटवर्किङ मनिटरिङ र अवैध गतिविधिको व्यवस्थापनको काम गर्छ ।

टेरामक्सले अपरेटले घोषणा गरेको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय भ्वाइस कल र एसएमएसको कुल भोल्युमको परीक्षण गर्छ । अपरेटरले पहिचान गर्न नसकेको कल र एसएमएसलाई पूर्ण रूपमा नियन्त्रण गर्छ ।

यसले युरोपियन टेलिकम्युनिकेसन स्ट्यान्डर्ड इन्स्टिच्युट तथा अन्तर्राष्ट्रिय टेलिकम्युनिकेसन युनियनले निर्धारण गरेअनुसार सेवाको गुणस्तर पनि परीक्षण गर्छ । अपरेटरको नेटवर्क रेगुलर गाइडअनुसार भए-नभएको पनि परीक्षण गर्छ ।

कल बाइपासलगायत टेलिकममा हुने विभिन्न खाले अवैध गतिविधिलाई नियन्त्रण गर्न भनेर नेपालले टेरामक्स प्रणाली खरिद गरेको हो । तर यसमा प्रश्न उठेपछि अख्तियारले अनुसन्धान गरेर मुद्दा अगाडि बढाएको हो ।

यससम्बन्धी भ्रष्टाचार मुद्दामा विशेष अदालतले प्राविधिक पक्षको यथार्थ मूल्यांकन र आवश्यक कागजात संकलनका लागि थप कदम चाल्ने निर्णय गरेको हो ।

टेरामक्स प्रविधि खरिदमा अनियमितता गरेको आरोप लगाउँदै अख्तियारले १ जेठ २०८२ मा पूर्वमन्त्री मोहन बस्नेतसहित १६ जनामाथि भ्रष्टाचारमुद्दा दायर गरेको थियो ।

पूर्वमन्त्री बस्नेतसमेत प्रतिवादी रहेको यो मुद्दामा सुनुवाइ गरेपछि विशेष अदालतले संसदीय समितिको निर्देशनसमेत मगाएको छ । १२ पुस २०८० मा प्रतिनिधि सभाअन्तर्गतको सार्वजनिक लेखा समितिले नेपाल दूरसञ्चार प्राधिकरणलाई टेरामक्स खरिद कार्य यथास्थितिमा राख्न निर्देशन दिएको थियो । सो निर्णयसम्बन्धी कागजात अदालतमा पेस गर्न अदालतले भनेको हो । यसको आधारसमेत हेरेर अगाडि बढ्ने अदालतको तयारी छ ।

## अमेरिकाको...

रोजगारीमा पठाउने प्रक्रियालाई वैधानिक र व्यवस्थित गर्न श्रम मन्त्रालयले चार वर्षअघि मौसमी कामदार व्यवस्थापन कार्य निर्देशिका जारी गरेको थियो ।

यसअघि विशेषगरी दक्षिण कोरियाको मौसमी कामदारका लागि नक्कली सम्झौताका नाममा ठगी भएको सार्वजनिक भएको थियो । कतिपय नगरपालिका र गाउँपालिकाहरूले आफ्नै मापदण्डको आधारमा मौसमी कामदार छनोट र भर्ना गर्न थालेपछि श्रम मन्त्रालयले वैदेशिक रोजगार विभागले मात्रै वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति दिने व्यवस्था रहेको बताएपछि सिजनल कामदार पठाउन रोकिएको थियो । तर मौसमी कामदारका लागि छोटो अवधिको काम खोज्ने विद्यार्थी वा अन्यलाई लाभ पुग्ने कतिपयको भनाइ छ ।

## स्याङ्बाको...

कार्यसमितिको उपाध्यक्षमा रामध्वज लामा, महासचिवमा लिल पाखिन तामाङ र सचिवमा राजकाजी भ्लोन र सोम लो तामाङ तथा कोषाध्यक्षमा तारा तामाङ निर्वाचित भएका छन् ।

कार्यसमितिको सदस्यहरूमा रमेश पाखिन तामाङ, इन्द्रबहादुर लामा, पूर्णबहादुर तामाङ, सोमबहादुर तामाङ, सरोज गोले तामाङ र रामबहादुर लामा तामाङ चयन भएका छन् । विभिन्न सामाजिक कार्यमा सक्रिय रहेको समाजले तामाङ समुदायका ऐतिहासिक तथा धार्मिकस्थलहरूमा पर्यटन प्रवर्धनका लागि सहयोग गर्ने नवनिर्वाचित अध्यक्ष स्याङ्बाले बताए ।

# राष्ट्रपति पौडेल जापान भ्रमणमा जाँदै



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले आजदेखि यही माघ २१ गतेसम्म जापानको औपचारिक भ्रमण गर्ने भएका छन्।

नेपाल र जापानबीचको कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वर्षगाँठका अवसरमा जापान सरकारको निमन्त्रणाअनुसार उनी नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै जापान भ्रमणमा जान लाग्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

राष्ट्रपति पौडेल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही नेपाल एयरलाइन्सको उडान नं ४३३ बाट आइतबार राति ११:३० बजे जापान प्रस्थान गर्ने परराष्ट्र सचिव अमृतबहादुर राईले जानकारी दिए। भ्रमण सम्पन्न गरी उहाँ यही माघ २१ गते सोही एयरलाइन्सको उडान नं ४३४ बाट दिउँसो ४:३० बजे स्वदेश फर्कने कार्यक्रम छ।

भ्रमणका अवसरमा राष्ट्रपति पौडेलले माघ १९ गते नेपाल-जापान कूटनीतिक सम्बन्धको ७०औं वार्षिकोत्सव मनाउने सन्दर्भमा जापान सरकारका तर्फबाट आयोजना हुने विशेष स्वागत समारोहमा सहभागिता हुनेछन्।

उनले माघ २० गते टोकियोस्थित इम्पेरियल प्यालेसमा जापानका सम्राट नारुहितोसँग राजकीय शिष्टाचार भेट गर्ने कार्यक्रम रहेको परराष्ट्र सचिव राईले बताए। सोही दिन राष्ट्रपति पौडेल र जापानका प्रधानमन्त्री सुश्री ताकाइची सानाएबीच पनि भेटवार्ता हुने तालिका छ। यस्तै, भ्रमणका क्रममा जापानका विदेश राज्यमन्त्री होरिइ इवाओले पनि राष्ट्रपति पौडेलसँग शिष्टाचार भेटवार्ता गर्नेछन्।

यसैगरी जापानी व्यावसायिक समुदायसँगको बैठकमा सहभागिता जनाउनाका साथै राष्ट्रपति पौडेलले जापानस्थित नेपाली राजदूतावासले उनको सम्मानमा आयोजना गर्ने स्वागत समारोहमा पनि सहभागी हुने मन्त्रालयले जनाएको छ। राष्ट्रपति पौडेलका साथ उनकी धर्मपत्नी श्रीमती सबिता पौडेल तथा उच्चस्तरीय सरकारी अधिकारीहरू भ्रमणमा सहभागी हुनेछन्।

**नेपाल-जापान सम्बन्ध**

नेपाल-जापान सम्बन्ध अठारौं शताब्दीको अन्त्यतिरबाट सुरु भएको हो। १ सेप्टेम्बर १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएपछि यो सम्बन्ध औपचारिक भयो, जुन मित्रता, सद्भाव र सहयोगले चिनिन्छ। कूटनीतिक सम्बन्ध स्थापनापछि नेपालले १९६५ मा टोकियोमा र जापानले १९६७ मा काठमाडौंमा आफ्नो दूतावास स्थापना गरेको थियो। जापानको ओसाकामा नेपालको मानार्थ वाणिज्य दूतावाससमेत रहेको छ।

**ऐतिहासिक सम्बन्ध**

जापानी बौद्ध भिक्षु, रेभ एकाई कावागुची पहिलोपटक १८९९ मा पवित्र बौद्ध धर्मग्रन्थहरूको खोजीमा तिब्बतको बाटो हुँदै नेपाल आएको इतिहास छ। उनले जापानमा नेपालको परिचय गराएका र आफ्ना लेखन तथा प्रकाशनमार्फत जापानी जनतालाई लुम्बिनीको महत्त्व उजागर गरेका इतिहासकारहरू बताउँछन्। नेपालमा राणा शासनकालमा सन् १९०२ मा आठ नेपाली विद्यार्थीहरू उच्च शिक्षाका लागि जापान गएकापछि नेपालीहरू जापानी संस्कृति र प्रविधिसँग नजिक भएको बताइन्छ।

**भ्रमण आदानप्रदान**

नेपाल र जापानबीच उच्चस्तरीय भ्रमण आदानप्रदानले द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्न योगदान पुर्‍याएको छ। पछिल्लो समय एकअर्का देशहरूमा उच्चस्तरस्तरीय भ्रमणहरू आदानप्रदान भइरहेका छन्।

जापानका विदेशमन्त्री तारो कोनोको निमन्त्रणामा तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले सन् २०१८ नोभेम्बर १ देखिसम्म जापानको औपचारिक भ्रमण गरेका थिए। यस्तै, तत्कालीन कानुन, न्याय तथा संसदीय मामिलामन्त्री भानुभक्त ढकालले एसियाली अफ्रिकी कानुनी परामर्शदाता संगठनको ५७औं सत्रमा भाग लिन २०१८ अक्टोबर ८ देखि १२ सम्म जापानको भ्रमण गरेका थिए।

तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०१९ अक्टोबर २०-२२ सम्म टोकियोमा आयोजित सम्राट नारुहितोको राज्याभिषेक समारोहमा भाग लिन जापानको भ्रमण गरेका थिए। यसैगरी जापानका विदेशमन्त्री तारो कोनोले २०१९ जनवरी ९ देखि १० सम्म नेपालको भ्रमण गरेका थिए। तत्कालीन उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठको निमन्त्रणामा जापानकी विदेशमन्त्री सुश्री कामिकावा योकोले २०२४ मे ५ मा नेपालको औपचारिक भ्रमण गरेकी थिइन्।

जापानले सन् १९५४ देखि नेपालको सामाजिक-आर्थिक विकासमा योगदान पुर्‍याउँदै आएको छ। जापानले नेपाललाई द्विपक्षीय अनुदान, ऋण, बहुपक्षीय सहायता र प्राविधिक सहयोगका रूपमा सहयोग गर्दै आएको छ। साथै नेपालको पूर्वाधार विकासका लागि सहुलियतपूर्ण ऋण पनि प्रदान गर्दै आएको छ। जापानीले नेपाललाई गर्ने आर्थिक सहयोगका प्रमुख क्षेत्रहरूमा मानव संसाधन विकास, स्वास्थ्य, कृषि विकास, पूर्वाधार विकास, वातावरण संरक्षण र संस्कृतिलगायत रहेका छन्।

जापानले विद्युत् उत्पादन, सडक, पुल, खानेपानी सुविधा, दूरसञ्चारलगायत क्षेत्रहरूमा आधारभूत पूर्वाधारको सुधारलाई महत्व दिँदै आएको छ। सिन्धुली सडकको निर्माण जापानी विकास सहयोगअन्तर्गत प्रमुख परियोजनाहरूमध्ये एक हो। जापानले नेपाललाई कुलेखानी (१ र २) जलविद्युत् स्टेसन, कालीगण्डकी 'ए' जलविद्युत् स्टेसन, उदयपुर सिमेन्ट उद्योग र मेलम्ची खानेपानी परियोजना जस्ता परियोजनाहरूमा ऋण सहयोग प्रदान गरेको छ।

यस्तै, पूर्वाधार विकासका लागि सहुलियतपूर्ण ऋण योजनाअन्तर्गत हाल सञ्चालनमा रहेका परियोजनाहरूमा नागढुंगा सुरुङ मार्ग, खानेपानी आपूर्ति सुधार परियोजना र चौबाटो सुधार परियोजनाहरू रहेका छन्।

सन् १९५४ मा जापान कोलम्बो योजनामा सामेल भएदेखि नै जापान सरकारले नेपाली विद्यार्थीहरूलाई प्राविधिक तालिम प्रदान गर्दै आएको छ। जापानले जापन अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) स्वयंसेवक कार्यक्रमअन्तर्गत नेपाललाई जापान ओभरसिज कोअपरेसन भोल्युन्टियर्स र वरिष्ठ स्वयंसेवकहरू पनि प्रदान गर्दै आएको छ। यो कार्यक्रम सन् १९७० मा सुरु भएको थियो।

# एमाले नेतृत्वप्रति असन्तुष्टि जनाउँदै सिंहद्वारा पार्टी परित्याग



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १७ माघ

नेकपा एमालेका नेता तथा पूर्व संविधानसभा सदस्य बबन सिंहले पार्टीको शीर्ष नेतृत्वप्रति गम्भीर असन्तुष्टि जनाउँदै पार्टी परित्यागको घोषणा गरेका छन्।

उनले नेतृत्वबाट अपमान, उपेक्षा र भेदभाव भोग्नुपरेको आरोप लगाउँदै एमालेसँगको सबै सम्बन्ध तोडेको बताएका हुन्।

शनिबार आफ्नै गाउँमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै नेता सिंहले पार्टी नेतृत्वको कार्यशैलीप्रति कडा असन्तुष्टि व्यक्त गरे। पार्टीभित्र इमानदार र सक्रिय कार्यकर्ताभन्दा चाकडी र अवसरवादलाई प्राथमिकता दिइएको उनको आरोप थियो।

पत्रकार सम्मेलनमा भावुक देखिएका सिंहले आफूले संगठन निर्माणमा ठूलो योगदान दिएको दाबी गरे। 'संगठन कमजोर अवस्थामा हुँदा हामीले रगत-पसिना बगाएर बलियो बनायौं, तर नेतृत्वले न त विकासका काममा ध्यान दियो, न सुशासनमा चासो देखायो,' उनले भने, 'हामीलाई चुनावका बेला मात्र प्रयोग गरियो र पछि साधारण सदस्यजस्तै व्यवहार गरियो।'

उनले विगतका निर्वाचनमा लामो समयसम्म खटिएर मत मागेको उल्लेख गर्दै यदि आफूहरू अयोग्य नै थिए भने नेतृत्वले किन आफ्नै नाममा जनतासँग मत माग्यो भन्ने प्रश्न उठाए।

नेता सिंहले एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीप्रति पनि असन्तुष्टि व्यक्त गर्दै देशमा बढ्दो हिंसा, अव्यवस्था र भ्रष्टाचारको नैतिक जिम्मेवारी सरकार प्रमुखले लिनुपर्ने बताए।

पार्टीभित्र आन्तरिक लोकतन्त्र कमजोर भएको आरोप लगाउँदै सिंहले फरक मत राख्ने कार्यकर्तालाई पाखा लगाउने प्रवृत्ति बढेको दाबी गरे। उनले आफ्नो विगतको राजनीतिक निर्णयलाई ठूलो गल्तीका रूपमा स्वीकार गर्दै आत्मालोचना पनि गरे।

सिंहका अनुसार उनीसँगै करिब ७ सय जना स्थानीय नेता तथा कार्यकर्ताले पनि एमाले परित्याग गरी स्वतन्त्र रूपमा अघि बढ्ने घोषणा गरेका छन्।

सम्बोधनको अन्त्यमा उनले विगतका राजनीतिक निर्णयका लागि आम नागरिकसँग माफी माग्दै आगामी दिनमा जनताको हितमा काम गर्ने र जनप्रिय नेताहरूलाई मात्र समर्थन गर्ने नीति लिने स्पष्ट पारे।

पार्टी परित्यागको घोषणाले रौतहटमा एमालेको संगठनभित्र हलचल सिर्जना भएको छ भने यसले आगामी राजनीतिक गतिविधिमा असर पार्ने अनुमान गरिएको छ।

# दर्जनौं स्थानीय नेता-कार्यकर्ता एमालेमा प्रवेश



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १७ माघ

रौतहट निर्वाचन क्षेत्र नम्बर ३ मा पछिल्लो समय पार्टी प्रवेश कार्यक्रमहरू तीव्र बन्दै गएका छन्। कटहरिया नगरपालिका वडा नम्बर ४ मा आयोजित एक कार्यक्रममा नेपाली कांग्रेससहित विभिन्न राजनीतिक दल परित्याग गरेका स्थानीय नेता तथा कार्यकर्ताहरू नेकपा (एमाले) मा प्रवेश गरेका छन्।

कार्यक्रममा एमालेका प्रतिनिधिसभा सदस्य उम्मेदवार कुन्दन कुशवाहाले नयाँ प्रवेशीहरूलाई टीका र माला लगाएर पार्टीमा स्वागत गरेका थिए। पार्टी प्रवेश गर्नेहरूमा तबारख मन्सुरी, अबिजान मन्सुरी, नेसरुल्लाह, चान महमद सुसैल, अन्जुर, कमरुदीन, ताजुदीन, समसोदीन, इश्राफुल, मोबारख मन्सुरी, सहिद मन्सुरी, सनाउल्लाह र चन्देश्वर साह कानु लगायत रहेका छन्।

कार्यक्रममा सहभागी युवा नेता चन्दन कुशवाहाका अनुसार कांग्रेस, एमाले, माओवादी केन्द्रलगायत विभिन्न दल परित्याग गरी दर्जनौं नेता, कार्यकर्ता तथा युवाहरू एमालेमा प्रवेश गरेका हुन्। उनका अनुसार क्षेत्रको विकास, समृद्धि र सुशासनको एजेन्डाले युवाहरू आकर्षित भएका छन्।

एमाले पक्षले यसलाई रौतहट-३ मा पार्टीको जनआधार विस्तारको संकेतका रूपमा लिएको छ। उम्मेदवार कुन्दन कुशवाहाले नयाँ प्रवेशीहरूलाई स्वागत गर्दै क्षेत्रको विकासका लागि साझा अभियानमा जुट्न आग्रह गरेका थिए।

स्थानीय तहको राजनीतिक समीकरणमा भइरहेका यस्ता पार्टी प्रवेश र निर्गमनले आगामी निर्वाचनको प्रतिस्पर्धालाई थप रोचक बनाउने देखिएको छ।

# चुनावी सुरक्षा र निष्पक्षता सुनिश्चित गर्न ओलीको माग



**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सरकारसँग उचित सुरक्षा र निष्पक्षता सुनिश्चित गर्न माग गरेका छन्।

एमालेको ओखलढुंगा काठमाडौं सम्पर्क मञ्चले काठमाडौंमा आयोजना गरेको चुनावी भेलालाई सम्बोधन गर्दै उनले चुनावमा धाँधली वा अवाञ्छित क्रियाकलाप हुन नदिन शान्ति, सुरक्षाको प्रभावकारी व्यवस्था हुनुपर्नेमा जोड दिए।

ओलीले समयको माग बुझेर पार्टीले ओखलढुंगामा जेनजी पुस्ताकै सक्षम युवा महिला नेतृ अस्मिता थापालाई उम्मेदवार बनाएर पठाएको बताए। अध्यक्ष ओलीले अस्मिताले नै ओखलढुंगाको विकास गर्ने र त्यसको जिम्मा आफूले लिने बताए।

ओलीले भने 'जिल्लाको विकास गर्ने र जनताको समस्या बुझ्ने युवा नेतृलाई उम्मेवार बनाएर पठाएका छौं,ओखलढुंगाले अस्मितालाई जिताएर देश जिताउनुपर्छ। अस्मिताले कुनै गलत काम गर्ने,अवसर नपाए पार्टी छाड्ने,जनताको मतको दुरुपयोग गर्ने कुनै काम गर्ने छैनन्,म सम्पूर्ण जिम्मा लिन्छु। अस्मिता थापाको जाकटी बस्छु म।' कार्यक्रममा ओखलढुंगाबाट एमाले उम्मेदवार अस्मिता थापाले आफूबाट ओखलढुंगाका जनताले दिएको मत गलत कार्यमा प्रयोग नहुने र असल काम गरेर असल छोरी तथा असल जनप्रतिनिधिका रुपमा प्रमाणित हुने दावी गरिन्।

उनले एमालेले समयको पदचाप बुझेर एमालेले युवालाई उम्मेदवार बनाएको बताउँदै महिलालाई आसन,भाषण र शासनमा पुर्‍याउने अभियानको नेतृत्व आफूले गर्ने समेत दावी गरिन्।

थापाले भनिन्,'मैले स्थानीय तहमा पनि केही समय काम गरेर जनताको भावना बुझेकी छु। भाषण गरेर होइन कामबाटै प्रमाणित हुन चाहन्छु। युवाको आवाज बनेर युवामैत्री नीति नियम बनाउन मेरो भूमिका र आवाज हुने। युवालाई साइबर सेना होइन साइबर क्याफे चलाउने सक्षम र योग्य बनाउन मेरो भूमिका हुनेछ।'

उनले जनताको कर जनताकै सेवा र विकासमा लगाउनुपर्छ भन्ने आफ्नो मान्यता रहेको भन्दै उनले जिल्लाका प्राकृतिक स्रोत र वन जंगललाई नीति बनाएरै आयआर्जको माध्यम बनाउन आफू अग्रसर हुने आश्वासन समेत दिइन्। थापाले जिल्लाका सडकहरुको अवस्था नाजुक रहेको र पटकपटक दबाब दिँदा पनि विगतमा काम नभएकोले अब माग गर्ने होइन नेतृत्व गर्ने ठाउँबाट काम गर्ने बताइन्।

उनले भनिन्, 'म स्थानीय तहको जनप्रतिनिधि हुँदै गर्दा पनि ओखलढुंगाको पश्चिमी भेग रामेछापसँग सीमाना जोडिएको छ, त्यो सडक वर्षौंदेखि अलपत्र हुँदा ओखलढुंगाले धेरै दुःख पाएको छ, यो विषयमा तत्कालीन मन्त्रीहरूलाई जानकारी गराउँदा काम भएन, अब ओखलढुङ्गा आफैंले नेतृत्व गरेर सिमानाका सडकहरू निर्माण गर्दै पालिका पालिकामा कालोपत्रे गर्ने गरी अगाडि बढ्नेछौं।'

सोही कार्यक्रममा एमाले केन्द्रीय सदस्य तथा ओखलढुंगा जिल्ला इन्चार्ज यज्ञराज सुनुवारले युवा महिला उम्मेदवार पाउँदा ओखलढुंगामा ठूलो उत्साह आएको र एमालेको विजय निश्चित रहेको बताए। उनले गलत व्यक्तिले पार्टी छाडेर गएपछि युवा उम्मेदवार थापाको जित अझ सहज बनेको दावी समेत गरे।

सो कार्यक्रममा युवा संघका अध्यक्ष महाराज गुरुङ,ओखलढुंगाका एमाले नेताहरु किशोर अधिकारी,नानीबाबु बुढाथोकीलगायतले युवा उम्मेदवार लिएर जाँदा जनताबाट राम्रो प्रतिक्रिया पाएको बताए।

# तेस्रो मुलुकका नागरिकलाई खुल्यो जमुनाह नाका



**नेपालगञ्ज/मस–** जमुनाह नाकाबाट तेस्रो मुलुकका नागरिकका लागि आवतजावत सुरु भएको छ। एक साताअघिदेखि अध्यागमन कार्यालय, जमुनाहले तेस्रो मुलुकका नागरिकका लागि आगमन र प्रस्थान पूर्ण रुपमा सञ्चालन गरेपछि त्यहाँबाट आउने पर्यटकलाई आवतजावत गर्न सहज भएको अध्यागमन कार्यालय, जमुनाह, बाँकेले जनाएको छ।

अध्यागमन कार्यालय, जमुनाहकी प्रमुख दुर्गा वलीले आगमन र प्रस्थान सुरु भएसँगै दुई जना तेस्रो मुलुकका पर्यटक भारत हुँदै गएको जानकारी दिइन्। करिब छ वर्षको अवधिमा आगमन र प्रस्थान जमुनाहबाट सुरु भएको उनको भनाइ छ। 'जमुनाह नाकाबाट आवतजावत गर्ने कुनै पनि पर्यटकलाई असहज हुने अवस्था रहन्न, हामीले दिने सबै सेवा सुरु गरेका छौं', उनले भनिन्। नेपाल हुँदै भारत जाने र भारत हुँदै नेपाल आउनका लागि जमुनाह नाकाबाट निर्वाध आवतजावत गर्न मिल्ने उल्लेख गर्दै वलीले यसबाट पर्यटनका क्षेत्रमा नेपालले लाभ लिनसक्ने बताइन्। उनले भनिन्, 'यो नाकाबाट आवतजावत हुने भएपछि यहाँका होटेल चलायमान हुन्छन् र त्यसबाट आर्थिक कारोबार पनि बढ्न सक्छ।' वलीले तेस्रो मुलुकबाट जमुनाह नाका हुँदै आउने पर्यटक बाँके र बर्दियाका पर्यकटीयस्थलसम्म पुग्नसक्ने र त्यसबाट राजस्व सङ्कलन बढ्ने विश्वास व्यक्त गरिन्। भारतीय पत्रकार एसके मधेसीयाले नाकाबाट हुने आवजावतले दुवै देशलाई लाभ हुने उल्लेख गर्दै भारत हुँदै जाने तेस्रो मुलुकका पर्यटकले सिधै नेपालका पर्यटकीय क्षेत्रको अवलोकन गर्न पाउने बताए।

नेपाल एशोसिएसन अफ टुर्स एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) बाँकेका अध्यक्ष डिल्लीराज रेग्मीले नाका सञ्चालनमा आएपछि सबैभन्दा बढी खुसी यहाँका व्यवसायी हुने उल्लेख गर्दै तेस्रो मुलुकका पर्यटकले भारत हुँदै आएर बाँके र बर्दियाका पर्यटकीय क्षेत्रको भरपुर आनन्द लिनसक्ने बताए।

उनले बाँकेमा बाँके राष्ट्रिय निकुञ्ज र बर्दियामा बर्दिया राष्ट्रिय निकुञ्जमा रहेका बाघलगायत वन्यजन्तुको अवलोकन गर्न पाउने बताए। कोरोनाकालदेखि जमुनाह नाकाबाट तेस्रो मुलुकका पर्यटक जमुनाह हुँदै नेपाल आउन बन्द गरिएको थियो।

# श्री पञ्चमहालक्ष्मी मन्दिर परिसरमा निःशुल्क स्वास्थ्य शिविर

**मुना न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ माघ



शंकरापुर नगरपालिका वडा नं. ५ इटाखेलस्थित श्री नेपालआमा प्रतिमा परिसरमा एकदिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

स्वस्तिक अस्पताल, सातदोबाटोको आधुनिक चिकित्सा पद्धति, ओम कायकल्प वेलनेस सेन्टर, न्यूलाइफ आयुर्वेद प्रा.लि.गोंगबुले प्राकृतिक चिकित्सा पद्धति सेवातर्फ, महिला वातावरण समूह, सामुदायिक सेवा समाज तथा सामुदायिक प्रहरी सेवा केन्द्र, साँखु, ईटाखेल टोल विकास समितिले सहयोग गरेका थिए।

एलोपेथी चिकित्सा र प्राकृतिक चिकित्सा, मनोचिकित्सा लगायतका सेवाहरु प्रदान गरिएका थिए। शिविरमा दुई सयभन्दा बढीले स्वास्थ्य परीक्षण गर्नुका साथै ब्लड प्रेसर जाँच र जनरल चेकअप गर्नुका साथै आवश्यक औषधि समेत वितरण गरिएको थियो। उक्त स्वास्थ्य शिविरमा प्राकृतिक चिकित्सा, आयुर्वेद एवं मनोपरामर्श सेवा समेत प्रदान गरिएको थियो।

स्वस्तिक अस्पताल, सातदोबाटोका प्रबन्ध निर्देशक लक्ष्मीनारायण सुवालसहित ९ नौजना प्राविधिक डक्टरहरुको टोलीले एलोपेथी उपचार प्रदान गरेका थिए। कायाकल्प वेलनेस सेन्टर, सुकेधाराका अध्यक्ष शैलेन्द्र शर्मा, उपाध्यक्ष डा.आइन्टाइन लघुन, मनोविश्लेषण केन्द्र, तीनकुनेका मनोविद् बासु आचार्य, प्राकृतिक स्वास्थ्य सचेतना अभियानका अध्यक्ष लेखनाथ आचार्य, सामुदायिक सेवा समाजका कोषाध्यक्ष विष्णुप्रसाद तिमल्सिना, गौरीघाट सुधार समितिका कार्य समिति सदस्य कृष्णचन्द्र श्रेष्ठ, सामुदायिक सेवा केन्द्र चावहिलका कार्यसमिति सदस्य गीता मानन्धरको उपस्थिति रहेको थियो।

उक्त शिविर कार्यक्रमको संयोजन रेणु खरेलले गर्नुभएको थियो। कार्यक्रम समापनमा स्वास्थ्य शिविरमा सहयोग पुर्‍याएका सबैलाई धन्यवाद प्रकट गर्दै शश्रीपञ्चमहालक्ष्मी मन्दिर श्रीपीठका उत्तराधिकारी स्वामी श्रीवासुदेव प्रपन्नाचार्य, श्रीमुक्तिनाथ संस्कृत गुरुकुलम् वेदपाठशालाका श्रीदामोदर गुरुले सबैलाई विदाइ गरेका थिए। उक्त स्थानमा निर्माणाधीन श्रीमुक्तिनाथ बाबा अस्पताल (स्वास्थ्य सेवाश्रम) रहेको छ।

मध्यान्ह
www.madhyanhadaily.com
१८ माघ २०८२ आइतबार
1 February 2026 Sunday

## सम्पादकीय

# बेवारिसे शवप्रति संवेदनशील होऊ

देशका विभिन्न स्थानमा १ हजारभन्दा धेरै पहिचान नखुलेका शव अहिले पनि बेवारिसे छन् । विभिन्न जिल्लामा भेटिएका पुरुष र महिलाका शव अहिले पनि शवगृहहरूमा छन् । प्रहरीको तथ्यांकअनुसार देशभर हाल १ हजार २ सय ७२ पहिचान नभएका बेवारिसे शव भेटिएका छन् । तीमध्ये आठ वर्षको बालकदेखि ९५ वर्षका वृद्धवृद्धासम्म रहेका शव छन् । धेरै शव क्षतविक्षत अवस्थामा भेटिएका छन् । कतिपय नदी किनारमा, कतिपय मन्दिर परिसर वा घाटनजिक भेटिएका छन् । यस्ता शवको पहिचान नहुनु आफैंमा गम्भीर सामाजिक समस्या बनेको छ । उनीहरू को थिए ? कहाँबाट आएका थिए र कसरी मृत्यु भयो भन्ने प्रश्न भने अनुत्तरित नै छ । त्यसैले यी घटना सामान्य अपराध समाचार मात्र नभई राज्यको व्यवस्थापन क्षमता र समाजको संवेदनशीलतासँग जोडिएको विषय बनेको छ ।

नेपाल प्रहरीले वेवसाइटमार्फत शवको तस्बिर र विवरण सार्वजनिक गरी पहिचान गराउने प्रयास गरिरहेको छ । यसका लागि निर्देशिका पनि बनाइएको छ । तर व्यवहारमा ती प्रयासले काम गरेको देखिँदैन । वर्षौं बितिसक्दा पनि धेरै शवको पहिचान नखुल्नु चिन्ताको विषय बनेको छ । परिवारले जानकारी नपाउनु, सूचनाको पहुँच कमजोर हुनु र समन्वयको कमी यसको मुख्य कारण हुन सक्छ । आफ्ना हराएका आफ्न्त खोज्दै सम्बन्धित परिवार वा व्यक्ति किन प्रहरीसम्म पुगेनन् भन्ने सबैभन्दा महत्वपूर्ण विषय हो ।

बेवारिसे शव व्यवस्थापन निर्देशिकाले परीक्षण, अभिलेख र समन्वयको व्यवस्था गरेको छ । स्थानीय तह, प्रहरी र स्वास्थ्य संस्थाबीच सहकार्य हुनुपर्ने व्यवस्था पनि छ । तर ती प्रावधान प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् । अन्त्येष्टि कानुनी प्रक्रियाअनुसार गरिन्छ तर पहिचान नखुली अन्त्येष्टि हुनु मानवीय एवं हाम्रो धार्मिक सांस्कृतिक दृष्टिले दुःखद हो । यस्ता शवको पहिचान खुल्नु भनेको केवल व्यक्ति पत्ता लाग्नु मात्र होइन, एउटा परिवारलाई सत्य थाहा दिनु हो । यसले समाजमा विश्वास र मानवीय भावना बलियो बनाउँछ । त्यसैले राज्यले यो विषयलाई प्रशासनिक झन्झटका रूपमा नभई गम्भीर मानवीय दायित्वका रूपमा लिनुपर्छ । त्यसका लागि सूचना प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ । स्थानीय सरकारहरूलाई थप जिम्मेवार बनाइनुपर्छ । प्रविधिको प्रयोग बढाउनुपर्छ । किनभने बेवारिसे शवको संख्या घट्नु भनेको राज्यको संवेदनशीलता बढ्नु हो । यो सन्दर्भमा नेपाली समाजले अहिले राज्यसँग यही अपेक्षा गरिरहेको छ ।

# राजस्व वृद्धिमा भन्सार नीति

*नीतिगत, कानुनी, संस्थागत, संरचनागत तथा प्रशासनिक अवरोधहरूले अर्थतन्त्रलाई थप अगाडि बढ्न अवरोध पुऱ्याउनु हुँदैन ।*

अग्रलेख



● भरतप्रसाद देवकोटा

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय समय-समयमा चर्चामा आउने गरेको पाइन्छ । धेरैको टिप्पणी-सेवा अपेक्षाकृत भएन भन्ने छ । हुन पनि भन्सारको सेवा प्रवाहलाई सहज, सरल र छिटोछरितो बनाउनेतर्फ ध्यान दिन निकै आवश्यक देखिन्छ । गोदाममा सबै प्रक्रिया पूरा गरी प्रज्ञापनपत्रलाई आधार मानेर मालवस्तुको जाँचपाँच गर्ने कार्यमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह हुनुपर्दछ । एक्स-रे मेसिन सञ्चालन प्रक्रियामा अझै कठिनाइ रहेको देखिन्छ । बदलिँदो विश्व परिवेशअनुसार हाम्रा कार्यशैली अझै पछाडि नै छन् । कार्यालयभित्र आवश्यक पर्ने मेसिनरी तथा उपकरणहरू पर्याप्त हुनुपर्दछ । कार्यसम्पादनमा ढिलासुस्ती हुने कामबाट कोही पनि उम्कन मिल्दैन । सहजीकरणको ठोस बिन्दुमा रहेर काम गर्नुपर्छ ।

भन्सार प्रशासनलाई विगतदेखि नै राज्यको राजस्व संकलन गर्ने प्रमुख निकायका रूपमा लिइँदै आएको छ । भन्सार कार्यालयमार्फत आयात-निर्यातकर्ताले मालवस्तुको कारोबार गर्दछन् । यसरी आयात-निर्यात गर्ने व्यवसायीलाई सहजीकरण गर्न भन्सार प्रशासनले विभिन्न आधुनिक प्रणाली अपनाउने, अध्यावधिक प्रविधि तथा मेसिन-औजार प्रयोग गर्ने कार्य गर्दै आएको छ । भन्सार कार्यालयमा भन्सार एजेन्ट वा व्यवसायीबाट मालवस्तुको घोषणा भएपछि भन्सार अधिकृतले कारोबार मूल्य निर्धारण गर्दछन् । त्यसपछि कम्प्युटर प्रणालीको निर्देशनअनुसार भौतिक परीक्षण गरी भुक्तानी गर्नुपर्ने महसुल निर्धारण गरिन्छ ।

नेपाल सरकार, अर्थ मन्त्रालयले निश्चित उद्देश्य निर्धारण गरी ती उद्देश्य प्राप्त भए-नभएको तथा त्यस क्रममा देखिएका कठिनाइ र अभ्यासका विषयमा छलफल गर्दछ । भन्सार कार्यालयहरूले आयात तथा निर्यात गरिने वस्तुको लेखाजोखा राख्दछन् । देशको कानुनअनुसार कर लगाइन्छ र मापदण्डअनुसार पैठारी गरिन्छ । यसरी भन्सारले उठाउने महसुल राजस्वका रूपमा देशको विकास, निर्माण, सुरक्षा लगायत राष्ट्रहितका गतिविधिहरूमा प्रयोग गरिन्छ । आयात तथा निर्यातका लागि नेपाल सरकारले चीन र भारतसँग व्यापार सम्झौता गरेको छ । तर कुनै एक देशमा मात्र सीमित नभई समग्र विश्वसँग वस्तु तथा सेवाको विनिमय गर्न नेपाल सफल हुनुपर्दछ ।

विश्व व्यापार संगठन तथा विश्व भन्सार संगठनले निर्देशित गरेका प्रायः व्यापार सहजीकरणसम्बन्धी प्रावधानहरू नेपालको भन्सार प्रशासनले कानुनी रूपमा व्यवस्था गरी क्रमशः व्यावहारिक रूपमा कार्यान्वयन गर्दै आएको छ । एशिया महाद्वीपको पूर्वी भूभागमा अवस्थित, नेपालभन्दा क्षेत्रफलमा करिब ६५ गुणा ठूलो, ९३ लाख वर्ग किलोमिटर क्षेत्रफल र करिब १ अर्ब ४० करोड जनसंख्या भएको जनवादी गणतन्त्र चीन पछिल्ला वर्षहरूमा आर्थिक शक्तिराष्ट्रका रूपमा विश्व मानचित्रमा उदाएको छ । विश्व बजारमा चीनले आफ्ना उत्पादित वस्तु करिब १० प्रतिशत निर्यात गरिरहेको पाइन्छ ।

छिमेकी मुलुक भारत विश्वको चौथो ठूलो अर्थतन्त्र भएको देश हो । तीन दशकअघि निर्णायक आर्थिक नीतिहरू अपनाउँदा भारत विश्वको १८औँ स्थानमा थियो । डा. मनमोहन सिंहको आर्थिक उदारीकरण नीतिले भारतीय अर्थतन्त्रलाई उल्लेखनीय लाभ पुग्यो र दोहोरो अंकको आर्थिक वृद्धि सम्भव भयो । केही समयअघि विश्वको पाँचौं ठूलो अर्थतन्त्र बनेको भारतले हाल जापानलाई पछि पार्दै चौथो स्थान हासिल गरेको छ । अमेरिका, चीन र जर्मनी क्रमशः पहिलो तीन स्थानमा रहेका छन् ।




> *भन्सार सीमा नाकामा वस्तुको निकासी तथा पैठारीमा हुने जाँच मात्र भन्सारको काम हो भन्ने बुझाइ आम नागरिकमा रहेको पाइन्छ । तर, भन्सारको प्रमुख कार्य भनेको व्यापार सहजीकरण गर्नु हो । राष्ट्रिय आवश्यकता र जनअपेक्षाअनुसार भन्सार प्रशासनलाई सुधार गरी अन्तर्राष्ट्रिय स्तरको बनाउन अझै थुप्रै चुनौतीहरू छन् ।*

चालु आर्थिक वर्ष २०८१/८२ को नौ महिनामा नेपालको निर्यात ६५ प्रतिशतले वृद्धि भई झन्डै २ खर्ब रुपैयाँ नजिक पुगेको छ । अन्य देशबाट आयात गर्दा शुल्क लाग्ने र नेपालबाट भारतमा भन्सार छुटमा निर्यात हुने भएकाले निर्यातमा उल्लेख्य वृद्धि भएको हो । सबैभन्दा बढी आयात छिमेकी मुलुक भारतबाट ७ खर्ब ८५ अर्ब ७४ करोड ५० लाख रुपैयाँ बराबर भएको छ भने नेपालबाट भारततर्फ १ खर्ब ४९ अर्ब ९८ करोड १२ लाख रुपैयाँको निर्यात भएको छ । यसबाट व्यापार घाटा ६ खर्ब ३५ अर्ब ७६ करोड ३७ लाख रुपैयाँ रहेको देखिन्छ । चीनबाट २ खर्ब ४७ अर्ब ९० करोड ८० लाख रुपैयाँको आयात हुँदा २ खर्ब २५ करोड ५६ लाख रुपैयाँ बराबरको निर्यात भएको पाइन्छ । नेपालबाट निर्यात हुने प्रमुख वस्तुहरूमा कफी, अलैंची, गलैंचा, चिया, मूर्तिकला, जडीबुटी लगायत पर्दछन् ।

नेपालमा पहिलो चरणको आर्थिक सुधारबाट अर्थतन्त्रले केही लाभ लिएको छ । निजी क्षेत्रको विस्तार भएको छ र आय, उत्पादन, लगानी तथा रोजगारीमा करिब ८० प्रतिशत योगदान निजी क्षेत्रको रहेको छ । नीतिगत, कानुनी, संस्थागत, संरचनागत तथा प्रशासनिक अवरोधहरूले अर्थतन्त्रलाई थप अगाडि बढ्न अवरोध पुऱ्याउनु हुँदैन । राजस्व वृद्धिका लागि मुलुकभित्र आर्थिक कारोबार बढाउनुपर्छ । यसका लागि आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्न आवश्यक छ । उद्योगधन्दाको संरक्षणमा सरकार अग्रसर हुनुपर्छ । निकासी-पैठारी व्यापारमा कारोबार मूल्यलाई मान्यता दिई बजार अनुगमनलाई सुदृढ र व्यवस्थित बनाउनुपर्दछ ।

सन् २०२६ पछि नेपाल अतिकम विकसित मुलुकको सूचीबाट स्तरोन्नति हुनुपर्ने लक्ष्य लिएको छ । नेपाल सरकारले भन्सार छुटसम्बन्धी सुविधा पनि प्रदान गरेको छ । यसमा भारतबाट हुने आयातमा सबैभन्दा बढी छुट रहेको छ भने चीनबाट आयात हुने वस्तुमा पनि छुट दिइएको छ । यसैगरी बिमस्टेक र साफ्टा मुलुकहरूबीचको आयातमा पनि छुटको व्यवस्था गरिएको छ । निकासीमा लगभग पूर्ण भन्सार छुट रहेको छ र निकासीका आधारमा नगद अनुदानसमेत प्रदान गरिन्छ । प्रचलित व्यवस्था अनुसार राजस्वमा छुट सुविधाको व्यवस्था गरिएको छ ।

सामान्यतया भन्सार सीमा नाकामा वस्तुको निकासी तथा पैठारीमा हुने जाँच मात्र भन्सारको काम हो भन्ने बुझाइ आम नागरिकमा रहेको पाइन्छ । तर, भन्सारको प्रमुख कार्य भनेको व्यापार सहजीकरण गर्नु हो । नेपालको कुल कर राजस्वमा भन्सारको योगदान ४८ प्रतिशतभन्दा बढी रहेको छ । राष्ट्रिय आवश्यकता र जनअपेक्षाअनुसार भन्सार प्रशासनलाई सुधार गरी अन्तर्राष्ट्रिय स्तरको बनाउन अझै थुप्रै चुनौतीहरू छन् । प्रविधिको प्रयोगले हरेक कामलाई स्वच्छ, पारदर्शी र प्रभावकारी बनाउँछ । तर सबै सुधारका बाबजुद व्यक्ति, सोच र सामाजिक संस्कार परिवर्तन नगरी दिगो सुधार सम्भव हुँदैन ।

## इतिहासमा आज


१ फेब्रुअरी २००३ मा अन्तरिक्ष यान कोलम्बिया पृथ्वीको वायुमण्डलमा पुनःप्रवेशको क्रममा विस्फोट भएको थियो । जसमा सवार सबै सात अन्तरिक्ष यात्रीहरू मारिएका थिए ।



१ फेब्रुअरी २००४ मासाउदी अरेबियामा हज तीर्थयात्रीमा भएको भागदौडमा २५१ जनाको कुल्चीमिल्ची गरी मृत्यु भएको थियो भने २४४ जना घाइते भएका थिए ।



१ फेब्रुअरी २०१२ मा पोर्ट सइद शहरमा इजिप्टियन फुटबल टोली अल मस्री र अल अहलीका प्रशंसकहरू बीच भएको झडपको परिणामस्वरूप ७४ जनाको मृत्यु भएको थियो भने ५०० भन्दा बढी घाइते भएका थिए ।



१ फेब्रुअरी २०२१ मा म्यानमारमा आङ सान सुकीलाई सत्ताबाट हटाएर सैन्य शासन पुनर्स्थापित गरेको थियो ।



# निर्वाचन र परिवर्तनको आशा

विचार



● ईश्वर बुढाथोकी

> *यो निर्वाचन पुराना दलका लागि आत्मसमीक्षाको मौका हो भने नयाँ शक्तिका लागि विश्वास जित्ने अवसर । सत्ता प्राप्ति यहाँ अन्तिम लक्ष्य होइन, त्यो जनसेवाको माध्यम बन्ने कि फेरि अर्को निराशाको चक्र दोहोरिने भन्ने निर्णयको क्षण हो ।*

नेपालको राजनीति निकै उतारचढावपूर्ण छ । अहिले मात्रै होइन, राणाशासनदेखि नै अवस्था उस्तै देखिन्छ । यो उतारचढावले केही नयाँ त दिएको छ, तर स्थिरता कहिल्यै दिएन । यही पृष्ठभूमिमा आज नेपाल फेरि एउटा निर्णायक मोडमा उभिएको छ- प्रतिनिधिसभा निर्वाचनको संघारमा ।

संविधान २०७२ ले संस्थागत गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको सबैभन्दा शक्तिशाली अभ्यास प्रतिनिधिसभा हो । सरकार बनाउने, नीति तय गर्ने र जनताको आवाजलाई सत्तासम्म पुऱ्याउने प्रमुख माध्यम यही संस्था भएकाले यसको निर्वाचन सामान्य प्रक्रियाभन्दा धेरै गहिरो अर्थ बोकेको हुन्छ । यसपटक त झनै, यो निर्वाचन विगतको निरन्तरता होइन, असन्तुष्टिले जन्माएको परिवर्तनको खोजजस्तो देखिन्छ ।

२०८२ सालको जेनजी आन्दोलनले नेपाली राजनीतिमा एउटा नयाँ अध्याय खोल्यो । सामाजिक सञ्जालमा सीमित असन्तोष सडकमा पोखियो, संसद् विघटन भयो, गठबन्धन सरकार ढल्यो र पुराना राजनीतिक ढाँचामाथि गम्भीर प्रश्न उठे । युवापुस्ताले भ्रष्टाचार, अकर्मण्यता र पुरानो नेतृत्वको दोहोरिँदो चक्रलाई अस्वीकार गऱ्यो । यही आन्दोलनको प्रत्यक्ष परिणामस्वरूप अहिलेको प्रतिनिधिसभा निर्वाचन तय भएको हो ।

यो निर्वाचन समयमै हुने नियमित अभ्यास मात्र होइन, संकटबाट जन्मिएको राजनीतिक परीक्षण हो । राष्ट्रपतिद्वारा संसद् विघटनपछि अन्तरिम व्यवस्थामार्फत मुलुक चुनावतर्फ धकेलियो । दलहरू गठबन्धनको सहाराबिनै मैदानमा उत्रिएका छन् । यसले मतदातालाई स्पष्ट विकल्प दिने वातावरण बनाएको छ भने दलहरूलाई आफ्नै हैसियतमा उभिने बाध्यता सिर्जना गरेको छ ।

नेपाली कांग्रेस, नेकपा (एमाले) र माओवादी धारका दलहरू दशकौँदेखि सत्ताको वरिपरि घुमिरहेका शक्ति हुन् । तर, यिनै दलहरूप्रति जनविश्वास क्रमशः खस्कँदै गएको तथ्यलाई जेनजी आन्दोलनले सतहमा ल्याइदियो । नेतृत्व परिवर्तन, आन्तरिक लोकतन्त्र र सुशासनका प्रश्नमा यी दलहरू अझै निर्णायक जवाफ दिन सकेका छैनन् । यसपटकको निर्वाचन उनीहरूका लागि विगतको बचाउ गर्ने कि भविष्यतर्फ मोडिने भन्ने द्विविधाको क्षण बनेको छ ।

नेपाली कांग्रेसमा नेतृत्व परिवर्तन भएको छ । युवाले नेतृत्व कब्जा गरे पनि पुरानो संरचनाको छायाँ अझै बलियो छ । लोकतन्त्र र सामाजिक न्यायको नाराले मात्र मतदाता सन्तुष्ट हुने अवस्था छैन, किनकि विगतका कमजोरीहरूको हिसाब मागिँदै छ । एमालेले राष्ट्रवाद र संगठनात्मक अनुशासनको दाबी गर्दै मैदान तताइरहेको छ, तर नेतृत्वको केन्द्रिकरण र विगतका राजनीतिक पल्टाबाजीले उसको विश्वसनीयता पनि चुनौतीमा छ । माओवादी धार एकीकरणको प्रयासपछि नयाँ रूपमा प्रस्तुत भए पनि युद्धकालीन विरासत र पछिल्ला सत्तासाझेदारीका आलोचनाबाट मुक्त छैन ।

यही रिक्त स्थानमा नयाँ दल र स्वतन्त्र अनुहारहरू उदाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी, स्थानीय तहबाट चर्चामा आएका व्यक्तित्व, क्षेत्रीय र पहिचानमुखी दलहरूले पुराना शक्तिलाई प्रत्यक्ष चुनौती दिइरहेका छन् । यी दलहरूले युवामैत्री भाषा, पारदर्शिता र सेवा-केन्द्रित राजनीतिका कुरा उठाइरहेका छन् । तर, नारालाई संगठन र नीतिमा रूपान्तरण गर्ने क्षमताको परीक्षण यही निर्वाचनले गर्नेछ ।

यो चुनावको अर्को महत्वपूर्ण पक्ष मतदाताको मनोविज्ञान हो । नेपाली जनता अब केवल भावनात्मक नारामा भर पर्ने अवस्थामा छैनन् । बेरोजगारी, महँगी, सेवा प्रवाहको कमजोरी र भ्रष्टाचारले सिर्जना गरेको दैनिकीको पीडा मतपेटिकासम्म पुगेको छ । मतदाता अब 'को आयो' भन्दा पनि 'के गऱ्यो' भन्ने प्रश्नमा केन्द्रित हुँदै छन् । यही कारण, चुनावी भाषणभन्दा व्यवहारिक एजेन्डा निर्णायक बन्ने सम्भावना बढेको छ ।

प्रतिनिधिसभा निर्वाचनले संघीयताको भविष्यलाई पनि दिशा दिनेछ । संघीय संरचनाले अपेक्षित सेवा र विकास दिन नसकेको आरोप व्यापक छ । यसको दोष संरचनामा हो कि कार्यान्वयनमा भन्ने बहस अझै जारी छ । नयाँ संसद्ले यस बहसलाई नीतिगत निष्कर्षमा पुऱ्याउन सक्छ कि सक्दैन, त्यो पनि यसै चुनावको परिणाममा निर्भर हुनेछ ।

यो निर्वाचन पुराना दलका लागि आत्मसमीक्षाको मौका हो भने नयाँ शक्तिका लागि विश्वास जित्ने अवसर । सत्ता प्राप्ति यहाँ अन्तिम लक्ष्य होइन, त्यो जनसेवाको माध्यम बन्ने कि फेरि अर्को निराशाको चक्र दोहोरिने भन्ने निर्णयको क्षण हो । इतिहासले देखाएको छ- नेपाली जनताले परिवर्तनको ढोका पटक-पटक खोलेका छन्, तर अब उनीहरू परिणाम खोजिरहेका छन् । अग्निपरीक्षाको यो घडीमा उत्तीर्ण हुने दल वा नेतृत्व त्यही हुनेछ, जसले जनताको बदलिँदो चेतना बुझ्छ, आलोचनाबाट भाग्दैन र सत्तालाई सुविधा होइन, जिम्मेवारी ठान्छ । प्रतिनिधिसभा निर्वाचन २०८२ केवल सिट गणनाको खेल होइन, यो नेपाली राजनीतिले आफैँलाई शुद्ध पार्ने कि फेरि पुरानै घेरामा फर्किने भन्ने निर्णयको क्षण हो ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

भोट माग्ने तरिका चाहीँ महावीर पुनको जस्तो हुनुपर्छ, आफ्ना कुरा भने- मन परे, विश्वास लागे दिनु, नपरे, नलागे नदिनु । हो, यसरी नै सबैले नागरिक सर्वोच्चताको सम्मान गर्न सिकौं । छल, कपट, आश्वासन, झुटमुट, पैसा, शक्ति प्रदर्शन, हावादारी गफ, आधारहीन वाचा र उडन्ते सपनाले भोट नामागौं, भोट नदिऊँ ।



**सूर्यराज आचार्य**

कुनै पनि मुलुकको घरेलु राजनीतिमा सामान्यतः आन्तरिक पक्ष नै प्रधान हुन्छ । तर, नेपालजस्तो कमजोर, भू-राजनीतिक रूपमा संवेदनशील देशमा भ्रष्ट/अकर्मण्य राजनीतिले समग्र समाजलाई आवेग र आक्रोशतर्फ धकेलेको बेला बाह्य चलखेलका लागि सहज मञ्च तयार हुन्छ र घरेलु राजनीतिमा बाह्य प्रभाव प्रधान हुन सक्छ । परिस्थिति जटिल बन्दै छ, बेलैमा होश पुगोस् ।



**गोविन्द पोखरेल**

बालेनले सामाजिक सञ्जालमा ८५ वर्षमा पनि सत्ताको चरित्र नबदलिएकोमा चिन्ता प्रकट गरे रे ! हो त राणाका सिपाहीहरूले सडकमा हिँड्दा लछारपछार गर्थे सर्वसाधारणलाई बालेन प्रमुख हुँदा राजु पाण्डेहरूले सडकमा सर्वसाधारणलाई गरेको व्यवहार खासै फरक थिएन । नबदलिएको उदाहरण !



**सन्तोष बस्याल**

न कहीँ बोलेका छन्, न कहीँ आफ्ना योजना सुनाएका छन् । गाडीमा घुमी-घुमी ड्रोन सट र सिनेम्याटिक भिडियो खिचिएका छन् । जनताले के कुरालाई 'आहा-वाह' भनेका हुन्, बुझ्नै गाह्रो छ । चटकले देश बन्दैन भन्ने कुरा बुझ्ने बेला भइसक्यो होइन र ? कि हामी सधैं एक्सपेरिमेन्टमै रमाउने हो ?

# बेरोजगारी समस्या समाधानका लागि सेयर बजार प्रभावकारी माध्यम : नगरप्रमुख श्रेष्ठ

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १७ माघ




सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले देशको समग्र आर्थिक गतिविधि चलायमान बनाउन सेयर बजारको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । उनले सेयर बजारलाई बेरोजगारी समस्या समाधान गर्ने प्रभावकारी माध्यमका रूपमा विकास गर्न सकिने धारणा व्यक्त गरे ।

साथी सहकारी संस्था अर्घाखाँचीको आयोजना, जिल्ला सहकारी संघ लिमिटेड अर्घाखाँचीको समन्वय तथा कलश स्टक मार्केट ब्रोकर नम्बर ७४ को प्राविधिक सहयोगमा सन्धिखर्कमा आयोजित वित्तीय साक्षरता तथा सेयर शिक्षा तालिमको उद्घाटन गर्दै नगरप्रमुख श्रेष्ठले आर्थिक गतिविधि विस्तारका लागि सेयर बजारको सक्रियता अनिवार्य रहेको बताए ।

नगरप्रमुख श्रेष्ठले निजी क्षेत्रले सरकारसँग सहकार्य गरी सेयर बजारलाई ग्रामीण तहसम्म विस्तार गर्न सके नागरिकहरू घरमै बसेर लगानी गर्न सक्ने अवस्था सिर्जना हुने र यसले बेरोजगारी समस्या न्यूनीकरणमा योगदान पुऱ्याउने दाबी गरे । उनले व्यावसायिक वातावरण निर्माण, उत्पादन र रोजगारी वृद्धि गर्न निजी क्षेत्र र संघ, प्रदेश तथा स्थानीय सरकारबीच सहकार्य आवश्यक रहेको उल्लेख गरे ।

उनले रोजगार सिर्जना, देशभित्रै व्यवसाय विस्तार र लगानी आकर्षण गर्नु सरकारको प्रमुख जिम्मेवारी रहेको बताए ।

वित्तीय साक्षरताको अभावका कारण धेरै नागरिक अवसरबाट वञ्चित भइरहेको उल्लेख गर्दै नगरप्रमुख श्रेष्ठले यस्ता तालिमले लगानीसम्बन्धी ज्ञान अभिवृद्धि गर्ने विश्वास व्यक्त गरे । उनले युवाहरूलाई समयको सदुपयोग गर्दै सुरक्षित र सचेत लगानीतर्फ अग्रसर हुन आग्रह गरे ।

कार्यक्रममा सहकारीका सदस्य, स्थानीय युवा तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो । तालिममा सेयर बजार, लगानीका आधारभूत सिद्धान्त, जोखिम व्यवस्थापन तथा वित्तीय सचेतनासम्बन्धी विषयमा प्रशिक्षण दिइएको थियो । कार्यक्रम साथी सहकारीका अध्यक्ष रुद्रप्रसाद श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको हो । उपाध्यक्ष डिलाराम भुसालले स्वागत मन्तव्य राखेका थिए भने सचिव विष्णु बन्जाडेले कार्यक्रम सञ्चालन गरेका थिए ।

कार्यक्रममा सन्धिखर्क नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठ प्रमुख अतिथि रहेका थिए भने जिल्ला सहकारी संघ लिमिटेड अर्घाखाँचीका अध्यक्ष प्रकाश भुसाल, नेपाल पत्रकार महासंघ अर्घाखाँचीका अध्यक्ष गणेश खनाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमका स्रोत व्यक्ति सेयर बजार विश्लेषक कमल पौडेल तथा चिरञ्जीवी पौडेलले सहभागीहरूलाई सेयर बजारका प्राविधिक पक्षबारे जानकारी गराएका थिए । सेयर विश्लेषक कमल पौडेलका अनुसार उक्त संस्थाले देशका विभिन्न स्थान तथा अनलाइनमार्फत विश्वभरका लगानीकर्तालाई लक्षित गरी वित्तीय साक्षरता तथा सेयर शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ । निकट भविष्यमा यस्ता कार्यक्रमलाई थप विस्तार गर्ने योजना रहेको कम्पनीका प्रतिनिधि चिरञ्जीवी पौडेलले जानकारी दिए ।

# ‘रेडक्रस सोसाइटीले राजनीतिबाट मुक्त भई निष्पक्ष कार्यसम्पादन गर्नुपर्छ’

**काठमाडौं/मस–** गृहमन्त्री ओमप्रकाश अर्यालले नेपाल रेडक्रम सोसाइटीले राजनीतिबाट टाढा रहेर कार्यसम्पादन गर्नुपर्ने बताएका छन् ।



नेपाल रेडक्रस सोसाइटीका विषयमा शनिबार मन्त्रालयमा भएको छलफलमा उनले रेडक्रसको केन्द्रीय तहमा वर्षौंदेखि रहेका संस्थागत समस्यालाई कानुनबमोजिम विधि र प्रक्रियाबमोजिम हल गर्नेगरी काम गर्न निर्देशन दिए ।

गृहमन्त्री अर्यालले तदर्थ समितिलाई प्राप्त जिम्मेवारी पूरा गर्न समयमा नै निर्वाचन गर्न, संस्थाको विधानलाई संघीयताअनुसार संशोधन र संस्थालाई राजनीतिबाट मुक्त राखी निष्पक्ष कार्यसम्पादन गर्न आग्रह गरे । संस्थाको पवित्र उद्देश्यबाट विचलित नभई सरकारको सहयोगीका रूपमा गृह मन्त्रालय र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग समन्वय गरी कार्य गर्न पनि उनले आग्रह गरे ।

छलफलमा गृह सचिव राजकुमार श्रेष्ठ, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी सचिव राधिका अर्याल, काठमाडौंका प्रमुख जिल्ला अधिकारी र दुवै मन्त्रालयका उच्च अधिकारी सहभागी थिए । यस्तै, नेपाल रेडक्रस सोसाइटीका तर्फबाट तदर्थ समितिका अध्यक्ष विनोदकुमार शर्मा, महासचिव मीनबहादुर मल्लगायत प्रतिनिधिहरु सहभागी थिए ।

# भोजपुरमा सडक दुर्घटना न्यूनीकरण गर्न कन्भेक्स लेन्स राखिँदै

**भोजपुर/मस–** सवारी दुर्घटनाको दर कम गराउने उद्देश्यले भोजपुरका प्रमुख सडकमा कन्भेक्स लेन्स राख्न सुरु गरिएको छ ।

सडक दुर्घटनाको जोखिम घटाउने उद्देश्यले विभिन्न स्थानका घुम्ती तथा मोडहरूमा कन्भेक्स लेन्स जडान सुरु गरिएको हो ।

बिहानी फुटबल क्लबको पहलमा अभियानका रूपमा कन्भेक्स लेन्स जडान सुरु गरिएको क्लबका अध्यक्ष बिकल श्रेष्ठले बताए ।

यस कार्यमा ट्राफिक प्रहरी कार्यालय भोजपुरले सहकार्य गरेको छ । सहयोगी दाताहरूको पहलमा सडक क्षेत्रमा राखिएका लेन्सको सहायताले सवारी दुर्घटनामा कमी आउने भएकाले आफूहरूले अभियान सुरु गरेको अध्यक्ष श्रेष्ठले धारणा राखे ।

उनका अनुसार भोजपुर नगरपालिका-३ गुप्तेस्वरको सेती बगर हुँदै वडा नं ४ दावा बलौटे, सेरा खोला घुम्ती, वडा नं ५ मसिने बेसी, वडा नं ६ प्रगति चोक, जिल्ला अस्पताल घुम्ती, वडा नं १२ टक्सारको सल्ला घारी घुम्तीलगायत क्षेत्रका सडकमा कन्भेक्स लेन्स जडान गरिसकिएको छ । हिले भोजपुर नारदमणि थुलुङ सहायक राजमार्ग र पुष्पलाल मध्यपहाडी राजमार्गका विभिन्न क्षेत्रमा पहिलो चरणमा कन्भेक्स लेन्स जडान गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

विशेष गरी तीव्र मोड तथा घुम्तीहरूमा ठूला दुर्घटना हुने जोखिम रहेकाले यसको रोकथाममा लेन्स प्रभावकारी हुने यातायात व्यवसायी मायालु मोक्तानले बताए ।

# प्रवासी भुजेल समाज कतारको नेतृत्वमा सन्तोष सर्वसम्मत चयन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १७ माघ

कतारमा रहेका भुजेल समुदायको साझा संस्था प्रवासी भुजेल समाज कतारले आठौं महाधिवेशन खुल्ला र बन्द गरी दुई चरणमा सम्पन्न भएको छ ।



शुक्रबार सनैयाको प्लाजा मलमा अवस्थित जिम्बु थकाली रेस्टुरेन्टको सभा हलमा सम्पन्न महाधिवेशनमार्फत सन्तोष भुजेल(कास्की) को अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको हो ।

कार्यसमितिको वरिष्ठ उपाध्यक्ष दुर्गा भुजेल (गोरखा), प्रथम उपाध्यक्ष श्रीमान् जी सी भुजेल (लमजुङ), दित्तीय उपाध्यक्ष गीता भुजेल (धादिङ), महिला उपाध्यक्ष शर्मिला भुजेल (सिन्धुली), महासचिव नयन भुजेल (सर्लाही), सचीवद्धय शारदा भुजेल र मोहन कुमार भुजेल (झापा), कोषाध्यक्ष विष्णु भुजेल (स्याङ्जा), सह-कोषाध्यक्ष चन्द्र बहादुर भुजेल (धादिङ), लेखा समिति संयोजक रोज बहादुर भुजेल (सिन्धुली) र सदस्यमा कुसुम भुजेल (स्याङ्जा) रहेका छन् ।

त्यस्तै कार्यसमितिका सदस्यहरू चित्रबहादुर जी.सी. भुजेल (कास्की), देवी भुजेल (मोरङ), कुमारी भुजेल (झापा), देवबहादुर भुजेल र चित्र भुजेल (स्याङ्जा) सविता भुजेल (धादिङ) रहेका छन् । सर्वसम्मत चयन भएको कार्यसमितिलाई निर्वाचन समितिका संयोजक नियम भुजेलले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

शपथ ग्रहण लगत्तै मध्यान्हसँग छोटो प्रतिक्रिया दिँदै नवनिर्वाचित अध्यक्ष भुजेलले आफू लामो समयदेखि समाजमा सक्रिय रहेको हुँदा आफ्ना अनुभवसहित सबैको साथ सपोर्ट लिएर समाजलाई नयाँ उचाइ दिन कोसिस गर्ने बताए ।

महाधिवेशनको खुल्ला सत्र समाजका अध्यक्ष विकास भुजेलको सभाध्यक्षता तथा नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष राकेश श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

महाधिवेशनमा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि श्रेष्ठले समाजभित्र कार्यसम्पादन गर्दा राजनीतिलाई ढोका बाहिर राख्नु पर्ने बताए । उनले आफ्नो समुदायको भेसभुसा संस्कार संस्कृतिलाई प्राथमिकतामा राख्नुपर्ने बताउँदै प्रवासको भूमिमा भुजेल समाजले खेलेको भूमिकाको प्रशंसा गरेका थिए ।

कार्यक्रममा कतारमा स्थापित विभिन्न सामाजिक संघसंस्था, वैचारिक संस्थाका प्रमुख तथा प्रतिनिधि, विशिष्ट व्यक्तित्व, समाजसेवी, बुद्धिजीवी, व्यवसायी, सामाजिक अभियन्ता, कलाकारको साथै मिडियाकर्मी पत्रकारहरू लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्ने वक्ताहरूले कतारको नेपाली समाजको विकसित र विकृतिका रूपमा रहेका केही घटना माथि आफ्ना धारणा राखेका थिए ।

वक्ताहरूले समाजसेवा खादा र फेसबुकमा फोटो राख्ने कार्यमा सीमित भएको प्रति दुःख व्यक्त गर्दै समाजसेवा चुपचाप गरिने मन शुद्धीको भएको हुँदा वास्तविक समाजसेवा खादा मालामा नरहेको बताएका थिए । कार्यक्रममा आफ्ना धारणा राख्ने वक्ताहरूले भुजेलको इतिहास र वर्तमान सम्मको अवस्थाका बारेमा चर्चा गरेका थिए ।

कतारमा रहेका दुई वटा एनसीसी हुँदा परेको अप्ठ्यारोप्रति वक्ताहरूले जिज्ञासा सहितको असहजता प्रकट गरेका थिए । वक्ताहरूको अप्ठ्यारोलाई नजिकबाट सुनेका गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतारका अध्यक्ष पदम गिरीले एनआरएनएमा केन्द्रमै ‘फर्गेट यास्टर्डे’भन्दै एकताको महाधिवेशन हुन लागेको र कतारमा पनि छिट्टै एकता हुने विश्वास व्यक्त गरे ।

गिरिले आफूले नेतृत्व गरेको एनआरएनए सिस्टमलाई फ्लो गरेको श्रमिकको एनसीसी रहेको बताउँदै अबको केही हप्तामा एक एनसीसी हुने बताए ।

कतारमा भुजेल समाजको स्थापना तथा वर्तमान अवस्थाका बारेमा समाजका संरक्षक शिव भुजेलले प्रकाश पारेका थिए ।

वरिष्ठ उपाध्यक्ष सन्तोष भुजेलले स्वागत मन्तव्य राखेको खुल्ला सत्रको सहजीकरण महासचिव दुर्गा भुजेलले गरेका थिए । आदिवासी जनजाति महासंघमा आबद्ध सहित विभिन्न संघसंस्थाहरुलाई २०२४/२६ कार्यकालमा भुजेल समाजले सञ्चालन गरेका विभिन्न गतिविधिहरूमा प्रत्यक्ष साथ सहयोग र सदभाव कायम गरी संस्थालाई अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेकोप्रति कदर गर्दै सम्मान गरिएको थियो भने समाजका संस्थापक सदस्य सन्तोष खवासलाई मायाको चिनो र दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

महाधिवेशनको खुल्ला सत्रको समापन गर्दै सभाध्यक्ष भुजेलले आफूले समाजमा आवद्ध हुँदा ताकाको पलहरू स्मरण गर्दै सभामा आफ्ना अनुभव सुनाए ।

समाज २०१० देखिनै एक मात्र संस्था रहेको र यो सदैव एक भएर रहने बताउँदै भुजेलहरूको संख्या न्यून देखिए पनि आर्थिक उन्नति र शिक्षामा अगाडि बढ्ने सक्ने हो भने इतिहास कोरिने बताए ।

आफ्नो भाषा भेषभुषा संस्कृति र समाजको श्रीवृद्धिका लागि आफू लागिरहने प्रतिबद्धता व्यक्त गरेका थिए । विभिन्न कलाकारहरूले सांगीतिक प्रस्तुति दिएको कार्यक्रममा विष्णु भुजेलले कविता र नयन भुजेलले मुक्तक वाचन गरेका थिए ।

# अशक्तलाई घरमै नागरिकता

**संखुवासभा/मस–** जिल्लाको पाँचखपन नगरपालिका-३ मा अशक्तलाई घरमै पुगेर नागरिकता प्रदान गरिएको छ ।



पाँचखपन-३ सिवुवाकी अशक्त ४३ वर्षीया चन्द्रकुमारी बानियाँलाई शनिबार घरमै पुगेर नागरिकताको प्रमाणपत्र प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी (प्रजिअ) सिर्जना थपलियाले जानकारी दिए ।

अति अशक्त अवस्थाकी बानियाँले सम्पूर्ण कागजातसहित जिल्ला प्रशासन कार्यालयमा गत पुस १९ गते निवेदन दिएकी थिइन् । प्राप्त कागजातका आधारमा बानियाँलाई नागरिकता प्रमाणपत्र प्रदान गरिएको प्रजिअ थपलियाले बताए । ‘असक्त नागरिकलाई घरदैलोमै अत्यावश्यक सेवा दिने हाम्रो नीति छ । स्वास्थ्यका कारणले समस्या भएर जिल्ला प्रशासन कार्यालयसम्म पुग्न नसक्ने नागरिकलाई हामीले यसरी नै सेवा दिँदै जानेछौं’, उनले भने ।

यसैबीच शनिबार जिल्ला सुरक्षा समितिले मतदानस्थल निरीक्षण गर्नुका साथै स्थानीय तहसँग निर्वाचन तयारी, आचारसंहिता पालनालगायत विषयमा अन्तरक्रिया गरेको छ ।

आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिएसँगै मतदान केन्द्र तथा मतदानस्थल अनुगमन र समन्वयको कामलाई तीव्रता दिइएको प्रजिअ थपलियाले बताए ।

जिल्लामा १ सय ९ मतदानस्थल र १ सय ६४ मतदान केन्द्र रहेका छन् भने कुल मतदाता एक लाख १९ हजार ६ सय ३० रहेका छन् । जिल्लामा अति संवेदनशील आठ, संवेदनशील ८२ र सामान्य १९ वटा मतदानस्थल रहेका छन् । यहाँ १५ दल र एक स्वतन्त्र गरी तीन महिलासहित १६ जना उम्मेदवार चुनावी मैदानमा छन् ।

# आफ्नो उम्मेदवारी पहिलो र अन्तिम भएको शर्माको दाबी



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १७ माघ

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) रुकुम पश्चिमका तर्फबाट प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फका उम्मेदवार गोपाल शर्मा ‘अनल’ले संघीय संसदमा आफ्नो उम्मेदवारी पहिलो र अन्तिम भएको बताएका छन् ।

शनिबार बाँफिकोट गाउँपालिका वडा नम्बर ६, ४ र ५ मा आयोजित नेता–कार्यकर्ता तथा मतदातासँगको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै उम्मेदवार शर्माले कर्णाली प्रदेशसभा सदस्य तथा मन्त्री पदमा काम गरिसकेको अनुभव उल्लेख गर्दै संघीय तहमा आफ्नो उम्मेदवारी दोहोरिने नभएको स्पष्ट पारे ।

कार्यक्रममा उनले प्रदेशसभा सदस्य रहँदा नै आफू दोहोरिएर उम्मेदवार नबन्ने प्रतिबद्धता जनाएको स्मरण गर्दै पार्टीभित्र नयाँ नेतृत्वलाई अवसर दिनुपर्ने धारणा राखे ।

पूर्व सहकर्मी तथा हालका प्रतिस्पर्धी जर्नादन शर्माप्रति संकेत गर्दै उनले पटक-पटक उम्मेदवार बन्नुपर्छ भन्ने सोच आफ्नो नभएको बताए । ‘एक कार्यकाल जनताको प्रतिनिधि भएर जिम्मेवारी पूरा गर्ने हो, बारम्बार उम्मेदवार बन्ने होइन, नयाँ साथीहरूलाई अवसर दिनुपर्छ,’ उम्मेदवार शर्माले भने ।

रुकुम पश्चिममा नेकपाको संगठन सुदृढ रहेको दाबी गर्दै उनले पार्टीको संगठनात्मक शक्तिकै आधारमा ठूलो मतान्तरले निर्वाचन जित्ने विश्वास व्यक्त गरे ।

नेकपाले मुसिकोट नगरपालिकामा चुनावी भेटघाट कार्यक्रम सम्पन्न गरी बाँफिकोट गाउँपालिकाबाट अभियान सुरु गरेको जनाएको छ । पार्टीका अनुसार जिल्लाका सबै ७३ वडामा चुनावी अभियान सञ्चालन गरिने छ ।

# आगलागी र डढेलोका घटना बढ्दो

**काठमाडौं/मस–** पछिल्लो २४ घण्टामा विभिन्न विपद्का १४ घटनामध्ये १२ वटा आगलागी र डढेलोका रहेका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

ती घटनामा परेर तीन जना महिला घाइते भएका छन् भने जनावरको आक्रमणबाट एक जना घाइते भएका छन् । प्राधिकरणकी प्रवक्ता शान्ति महतले पछिल्लो समयमा आगलागीका घटना बढिरहेका छन् । विद्युत् सर्ट हुने, आगो ताप्दा कपडामा सल्किनेलगायत घटना भइरहेका उनको भनाइ छ ।

पछिल्लो २४ घण्टाको अवस्था हेर्दा असावधानीका कारण आगो लाग्दा तीन जना घाइते भएका महतले उल्लेख गरिन् । प्राधिकरणका अनुसार झापा, मोरङ, धनकुटा, सोलुखुम्बू, खोटाङ, सर्लाही, बारा, कपिलवस्तु, कैलालीमा आगलागीका घटना भएका छन् भने सिन्धुपाल्चोकको जुगल गाउँपालिकाको एक भीरमा डढेलो लागेको छ ।

प्राधिकरणबाट प्राप्त २४ घण्टाको विवरणमा सर्लाहीको ईश्वरपुर नगरपालिका-६ बस्ने ६७ वर्षीया महिलाको आगो ताप्ने क्रममा सारीमा आगो सल्किएर पेट भन्दा तल्लो भागमा जली घाइते भएकी छिन् । शरीरको ३० प्रतिशत भाग जलेकी निजको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचार भइरहेको छ ।

सर्लाहीको ब्रह्मपुरी गाउँपालिका-३ की ६८ वर्षकी महिला आगो ताप्ने क्रममा जलेर गम्भीर घाइते भएकी छिन् भने निजको ललितपुर बर्न अस्पतालमा उपचार भइरहेको छ । कैलालीको धनगढी उपमहानगरपालिकाकी ८९ वर्षीया महिला आगो ताप्ने क्रममा पछाडि कपडाबाट आगो सल्किएर घाइते भएकी प्राधिकरणले जनाएको छ । निजलाई उपचारका लागि निसर्ज अस्पतालमा लगिएको छ ।



ती आगलागीबाट आठ वटा पशुचौपाय क्षति भएका छन् भने ३७ लाखभन्दा बढीको भौतिक क्षति भएको प्राधिकरणकी प्रवक्ता महतले जानकारी दिइन् ।

मोरङ र अछाममा भने जनावरको आक्रमणका घटना भएका छन् । अछाममा जनावरको आक्रमणबाट एक जना घाइते भएका प्राधिकरणले जनाएको छ ।

यसैबीच, प्राधिकरणले आगो ताप्ने क्रममा कपडामा सल्किएर शरीर जल्ने र ज्यानै जाने घटना भइरहेकाले विशेष ध्यान दिन र सावधानी अपनाउन सबैमा अनुरोध गरेको छ ।

**मलेसियामा रोजगार**

कम्पनी: WAWASAN SECURITY SDN. BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०६/३१ — चलानी नं.: ६०२४६२८६ — L.T. No.: 332682 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 19 | 0 | स. काममा दक्ष | 1700 | ६३,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २५ गते (8 Februay 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No.: 1495/074/075

**Santi Overseas Pvt. Ltd.**
Maharajgunj, Chakrapath-4, Chundevi, Kathmandu | Tel: 015910769, Mob. No.: 9801081597.
E-mail : overseassanti1495@gmail.com | www.SantiOverseas.com

मध्यान्ह
www.madhyanhadaily.com



# रितिका बनिन् मिस एयरहोस्टेस



**काठमाडौं /मस–** मिस एयरहोस्टेस इन्टरनेसनल सिजन–३ को उपाधि रितिका सुनारले हात पार्न सफल भएकी छन् । नर्दन लाइट एकेडेमी अफ एभिएसन एन्ड टेक्नोलोजी (नाट)ले काठमाडौंको राष्ट्रिय नाचघर, जमलमा आयोजना गरेको प्रतियोगिताको ग्रान्ड फिनालेबाट सुनार अन्य प्रतियोगीलाई पछि पार्दै उपाधि जित्न सफल भएकी हुन् ।

यति एयरलाइन्सले मुख्य प्रायोजन गरेको कार्यक्रममा विजेता सुनारलाई उपाधिसँगै यति एयरलाइन्समा 'केबिन क्रु' पदमा रोजगारीको अवसर प्रदान गरिएको छ । उनलाई उक्त अवसरको औपचारिक घोषणा तथा नियुक्ति पत्र यति एयरलाइन्सका प्रमुख सुरक्षा अधिकृत सन्त प्रजापतिले प्रदान गरेका थिए । रितिका यस सिजनकी विजेता घोषित हुँदै मोस्ट ट्यालेन्ट उपाधि पनि जित्न सफल भइन् ।

प्रतियोगितामा शर्मिला कुमारी प्रथम उपविजेता घोषित हुँदै सर्वोत्कृष्ट व्यक्तित्वको उपाधि प्राप्त गर्न सफल भइन् भने एस्थर मटे दोस्रो उपविजेता बन्दै दर्शक छनोट पुरस्कार तथा सर्वोत्कृष्ट क्याटवाक उपाधि जित्न सफल भइन् । त्यसैगरी रितु चौधरीले सर्वाधिक लोकप्रिय तथा मल्टिमिडिया छनोट पुरस्कार दुवै उपाधि जितिन् । सुजाता जमकटेलले सर्वोत्कृष्ट शारीरिक बनावट र परिमा गुरुङले सर्वोत्कृष्ट फोटोजेनिक उपाधि प्राप्त गरिन् ।

कार्यक्रममा सहभागी सम्पूर्ण प्रतियोगीहरूलाई फेसन कोरियोग्राफर तथा पर्सनालिटी ट्रेनर लभिन अन्सारीद्वारा केबिन क्रु पेशासँग सम्बन्धित शिष्टाचार, प्रस्तुति कला, क्याटवाक, ग्रुमिङ तथा व्यावसायिक व्यक्तित्व विकाससम्बन्धी सघन प्रशिक्षण प्रदान गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत सुधन सुवेदी रहेका थिए । निर्णायक मण्डलमा समर्पण जंग कार्की (मिस्टर नेपाल २०२३ तथा बुद्ध एयरका पाइलट), इभा जैसवाल (इथिहाड एयरवेजकी अन्तर्राष्ट्रिय केबिन क्रु), अनिता खड्का (अन्तर्राष्ट्रिय पेजेन्ट विजेता तथा मनोवैज्ञानिक) र रचना सुनार (यति एयरलाइन्सकी प्रमुख केबिन क्रु) रहेका थिए ।

नाटका प्रमुख कार्यकारी अधिकृत शेखर पाण्डेले प्रतियोगिताले युवतीहरूलाई व्यावसायिक उड्डयन क्षेत्रमा प्रवेशका लागि सक्षम बनाउने उद्देश्य सफलतापूर्वक पूरा गरेको बताउँदै सहभागी, निर्णायक तथा सहकार्य गर्ने सम्पूर्ण संस्थाहरूप्रति आभार व्यक्त गरेका छन् ।

नाटले काठमाडौंको बानेश्वरमा बेलायतको प्रतिष्ठित प्राविधिक शिक्षण संस्था सिटी एन्ड गिल्डसको सम्बन्धनमा एयर होस्टेस तथा एयरपोर्ट ग्राउन्ड ह्यान्डलिङसम्बन्धी तालिम सञ्चालन गर्दै आएको छ । नाट नेपालमै यस्तो स्तरको एभिएसन शिक्षा प्रदान गर्ने अग्रणी संस्था हो । नाटले एयरहोस्टेसका लागि ३६० घण्टा क्रेडिट आवर र ग्राउन्ड ह्यान्डलिङतर्फ लेभल–२ डिप्लोमा (४०० घण्टा क्रेडिट आवर) को कोर्स सञ्चालन गर्दै आएको छ । कक्षा १२ उत्तीर्ण वा परीक्षा दिई बसेका विद्यार्थीले तालिम पूरा गरेपछि नेपाल तथा विदेशका विभिन्न अन्तर्राष्ट्रिय बायुसेवा कम्पनीहरूमा रोजगारी अवसर पाउने नाटले जनाएको छ ।

# सातौं नेपाल कल्चरल इन्टरनेसनल फिल्म फेस्टिभल सुरु

**काठमाडौं /मस–** नेपाल संस्कृति तथा चलचित्र केन्द्रको आयोजनामा सातौं नेपाल कल्चरल इन्टरनेसनल फिल्म फेस्टिभल सुरु भएको छ । माघ १६ गते चाबहिलस्थित चलचित्र विकास बोर्डमा भएको उद्घाटन समारोहमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निर्णायक मण्डलका सदस्यहरू, विभिन्न देशबाट आएका अन्तर्राष्ट्रिय प्रतिनिधि तथा चलचित्रकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

समारोहमा प्रमुख अतिथिका रूपमा चलचित्र विकास बोर्ड नेपालका अध्यक्ष दिनेश डीसी, राष्ट्रिय निर्णायक मण्डलतर्फ अभिनेत्री तथा निर्देशक दीपाश्री निरौला, चलचित्र लेखक तथा निर्देशक रमेश बुढाथोकी र निर्माता तथा छायाँकार रविन आचार्यको उपस्थित रहेका थिए । अन्तर्राष्ट्रिय निर्णायक मण्डलमा बेलायतकी निर्माता एड्रिना जुली कुलिग र अर्जेन्टिनाका निर्देशक तथा चिकित्सक डा. जर्ज गुइलेर्मो क्याराभोत्ता सहभागी रहेका थिए । उद्घाटन समारोहमा फ्रान्स, भारत, बंगलादेश, लिथुआनिया, जर्मनी, अमेरिका, अस्ट्रेलिया र इजरायललगायत विभिन्न देशबाट आएका ८ अन्तर्राष्ट्रिय प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# 'आइएम जितबहादुर'को छायांकन सम्पन्न

**काठमाडौं /मस–** कलाकार जितु नेपाल 'मुन्द्रे'ले निर्माण तथा अभिनय गरेको फिल्म 'आइएम जितबहादुर'को छायांकन सम्पन्न भएको छ । बिहीबार शंखमुलस्थित जितुकै स्वामित्वमा रहेको 'ए–वान क्याफे' मा अन्तिम दृश्य खिच्दै फिल्मको छायांकन सकिएको हो ।

कथा अनुसार अवार्ड समारोहको दृश्य खिच्दै छायांकन सम्पन्न गरिएको निर्माण पक्षले जनाएको छ । उक्त दृश्यमा जितु नेपालसँगै 'ज्वाइँ साब'की सह–अभिनेत्री नीति शाह र अभिनेता आर्यन सिग्देल अतिथि भूमिकामा देखिएका छन् ।

निर्माण नियन्त्रक दिलिप पन्तका अनुसार फिल्मको छायांकन १५औं दिनमा पूरा गरिएको हो । छायांकन सम्पन्न भएपछि सेटमै इन्ड–क्ल्याप पार्टी पनि आयोजना गरिएको थियो ।

छायांकन सेटमा जितु नेपालसँगै उनका फियोन्से यान्चित राणा पनि देखिएका थिए । सार्वजनिक भएका तस्बिरमा नीति शाह र यान्चित राणा एकसाथ देखिएका छन् । नीति र यान्चितबीच आगामी फागुन ८ गते विवाह हुने तयारी छ, र यो जोडी पहिलोपटक सार्वजनिक रूपमा देखिएको हो ।

हिन्दी र बंगाली भाषाका निर्देशक शुभेन्दु घोषद्वारा निर्देशित फिल्ममा प्रियंका कार्की र वर्षा राउतको पनि अभिनय रहेको छ ।


## Invitation for Bids

## Manavsewa Ashram

### Invitation for Bids No: 08

**Date of publication: 18/10/2082 (1st Feb. 2026)**

1. ***Manavsewa Ashram has allocated funds*** towards the cost of ***"Construction of Administration Block Building Including Civil, Electrical and Sanitary Works at Manavsewa Ashram Surkhet"*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for Construction of Administration Block Building Including Civil, Electrical and Sanitary Works at Manavsewa Ashram Surkhet (CID: MSA/08/2082/83)*** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Manavsewa Ashram*** invites sealed bids from eligible bidders for the construction of ***Administrative Block (R.C.C Building) including electrical and sanitary works*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***Nrs 1,50,00,000.*** *(For projects executed under **Joint Venture (JV) arrangements**, **only the bidder's proportionate share of turnover corresponding to its percentage participation in the JV shall be considered**)*
   - Minimum Work experience of similar size and nature: ***One building project valued 1.5 Crore as single entity and for projects executed under*** *Joint Venture (JV) arrangements, only the bidder's proportionate share corresponding to its percentage participation in the JV shall be considered.*
   - Must have construction experience since last three years from date of this bid publication.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information at the office at Manavsewa Ashram Raniban, Nagarjun, Kathmandu or Manavsewa Ashram, Birendranagar, Surkhet.
5. A complete set of Bidding Documents may be purchased from the office Manavsewa Ashram Raniban, Nagarjun, Kathmandu or Manavsewa Ashram, Birendranagar, Surkhet by eligible Bidders on the submission of a **written application, along with the copy of company/firm registration certificate, Tax clearance certificate up to FY 2081/82, VAT Certificate and upon payment of a non-refundable fee of *Nrs. 1500 (One Thousands Five Hundred Rupees Only)*** till 18/11/2082 (2nd March 2026) ***till 1:00 P.M***.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: NMB Bank
   Account Name: MANAVSEWA ASHRAM – PROCUREMENT DEPARTMENT
   Bank Address: Hetauda, Makawanpur
   Account Number: 0900076447800027
6. Pre-bid meeting shall be held at ***Manavsewa Ashram Raniban, Nagarjun, Kathmandu*** at ***10/11/2082 at 11:00 A.M.***
7. Sealed bids must be submitted to the office ***Manavsewa Ashram Birendranagar, Surkhet or Manavsewa Ashram Raniban, Nagarjun, Kathmandu*** by hand before 18/11/2082 (2nd March 2026) ***till 5:00 P.M***. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***20/11/2082 at 1:00 P.M.*** at the office of ***Manavsewa Ashram Raniban, Nagarjun***. Bids must be valid for a period of ***90 Days*** after last date of bid submission and must be accompanied by a bid security amounting to a minimum of Nrs **3,50,000.00 (Three Lakhs Fifty Thousands Only),** which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Manavsewa Ashram reserves the right to accept or reject any proposal and also serves the right to award the contract either partially or fully.
11. The proposed work must be completed within the agreed time at the same quoted rate with no price escalation allowed.

| Contract No. | Project Name | Estimated Amount Excluding VAT | Bid Document fee (Non Refundable) | Bid Security Amount |
|---|---|---|---|---|
| MSA/ 08/2082/83 | *Construction of Administration Block Building Including Civil, Electrical and Sanitary Works at Manavsewa Ashram Surkhet* | Nrs. 1,27,38,330.77 | Nrs. 1,500 | Nrs. 3,50,000 |

**For Bid Submission Purpose only, the Employer's Address is:**
Attention: Chief Administrative Officer
Manavsewa Ashram, Nagarjun, Kathmandu
Contact No: 9855076089, 9855076023, 9855076031, 9843347625



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मिति: २०८२/१०/१८**

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालय : ड्राईभरटोल, रुपन्देही**

**१. ऋणीको नाम र ठेगाना**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को ञ को (६) बमोजिम मिति बि.स. २०७७/०८/१५ मा नेपाल सरकार, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका, ३ नं. वडा कार्यालयमा द.न. ३/७९ अन्तर्गत दर्ता कायम भई अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय, बुटवल बाट स्थायी लेखा नम्बर (PAN) ६१४३६१३८६ प्राप्त गरी रुपन्देही जिल्ला, तिलोत्तमा गा.पा. वडा नं. ०३ मा रजिष्टर्ड ठेगाना रहेको **आलम देवी सप्लायर्स**

**प्रोप्राईटरको नाम र ठेगाना**

श्री डोलाराज पाण्डे को बुहारी, श्री वेनु प्रसाद अर्याल को छोरी, श्री देवी प्रसाद पाण्डे को श्रीमती रुपन्देही जिल्ला, शंकरनगर गा.वि.सं. वडा नं. ०९ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा गा.पा वडा नं. ०३ बस्ने श्रीमती **गोमा देवी पाण्डे** (ना.प्र.नं. ३/३१५३, जारी मिति बि.सं. २०४६/३/५,(प्रथम प्रतिलिपी २०६७/११/२३) श्री जि.प्र.का. रुपन्देही)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री खेमानन्द पाण्डे को नाती, श्री डोलाराज पाण्डे को छोरा, श्रीमती गोमा देवी पाण्डे को श्रीमान रुपन्देही जिल्ला, शंकरनगर गा.वि.सं. वडा नं. ०९ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा गा.पा वडा नं. ०३ बस्ने श्री **देबी प्रसाद पाण्डे** (ना.प्र.नं. ३/३१३२, जारी मिति बि.सं. २०४६/३/५, (प्रथम प्रतिलिपी २०६५/५/२५), जि.प्र.का. रुपन्देही)
२. श्री डोलाराज पाण्डे को नाती, श्री देवी प्रसाद पाण्डे को छोरा, श्रीमती सरिता गैरे को श्रीमान,रुपन्देही जिल्ला, शंकरनगर गा.वि.सं. वडा नं. ०९ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा गा.पा वडा नं. ०३ बस्ने श्री **सुवर्ण पाण्डे** (ना.प्र.नं. ३१५०२, जारी मिति बि.सं. २०६२/३/१०, जि.प्र.का. रुपन्देही)
३. श्री डोलाराज पाण्डे को नाती, श्री देबी प्रसाद पाण्डे को छोरा, रुपन्देही जिल्ला, शंकरनगर गा.वि.सं. वडा नं. ०९ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा गा.पा वडा नं. ०३ बस्ने श्री **सुरज पाण्डेय** (ना.प्र.नं. ३६६४४, जारी मिति बि.सं. २०६३/२/१७, जि.प्र.का. रुपन्देही)
४. श्री देबी प्रसाद पाण्डे को बुहारी, श्री खगराज गैरे को छोरी, श्री सुवर्ण पाण्डे को श्रीमती रुपन्देही जिल्ला, करहिरा गा.वि.सं. वडा नं. ०३ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा गा.पा वडा नं. ०३ बस्ने श्रीमती **सरिता गैरे** (ना.प्र.नं. ३७१००६/३१०१३, जारी मिति बि.सं. २०६८/०४/१८, जि.प्र.का. रुपन्देही)

**२. ऋणीको नाम र ठेगाना**

श्री डोलाराज पाण्डे की बुहारी, श्री वेनु प्रसाद अर्याल की छोरी, श्री देवी प्रसाद पाण्डे की श्रीमती रुपन्देही जिल्ला, शंकरनगर गा.वि.सं. वडा नं. ०९ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा गा.पा वडा नं. ०३ बस्ने श्रीमती **गोमा देवी पाण्डे** (ना.प्र.नं. ३/३१५३, जारी मिति बि.सं. २०४६/३/५,(प्रथम प्रतिलिपी २०६७/११/२३) जि.प्र.का. रुपन्देही)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री खेमानन्द पाण्डे को नाती, श्री डोलाराज पाण्डे को छोरा, श्रीमती गोमा देवी पाण्डे को श्रीमान रुपन्देही जिल्ला, शंकरनगर गा.वि.सं. वडा नं. ०९ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा गा.पा वडा नं. ०३ बस्ने श्री **देबी प्रसाद पाण्डे** (ना.प्र.नं. ३/३१३२, जारी मिति बि.सं. २०४६/३/५, (प्रथम प्रतिलिपी २०६५/५/२५), जि.प्र.का. रुपन्देही)
२. श्री डोलाराज पाण्डे को नाती, श्री देवी प्रसाद पाण्डे को छोरा, श्रीमती सरिता गैरे को श्रीमान, रुपन्देही जिल्ला, शंकरनगर गा.वि.सं. वडा नं. ०९ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा गा.पा वडा नं. ०३ बस्ने श्री **सुवर्ण पाण्डे** (ना.प्र.नं. ३१५०२, जारी मिति बि.सं. २०६२/३/१०, जि.प्र.का. रुपन्देही)
३. श्री डोलाराज पाण्डे को नाती, श्री देबी प्रसाद पाण्डे को छोरा, रुपन्देही जिल्ला, शंकरनगर गा.वि.सं. वडा नं. ०९ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा गा.पा वडा नं. ०३ बस्ने श्री **सुरज पाण्डेय** (ना.प्र.नं. ३६६४४, जारी मिति बि.सं. २०६३/२/१७, जि.प्र.का. रुपन्देही)
४. श्री देबी प्रसाद पाण्डे को बुहारी, श्री खगराज गैरे को छोरी, श्री सुवर्ण पाण्डे को श्रीमती रुपन्देही जिल्ला, करहिरा गा.वि.सं. वडा नं. ०३ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा गा.पा वडा नं. ०३ बस्ने श्रीमती **सरिता गैरे** (ना.प्र.नं. ३७१००६/३१०१३, जारी मिति बि.सं. २०६८/०४/१८, जि.प्र.का. रुपन्देही)

**शाखा कार्यालय : न्युरोड पोखरा, कास्की**

**३. ऋणी फर्मको नाम र ठेगाना**

**नाम : नब दुर्गा काष्ठ उद्योग**
रजिष्टर्ड ठेगाना : पोखरा उ.म.न.पा. वडा नं. ४, कास्की
रजिष्ट्रेशन नं. : ४६८५/०६०/०६१ (प्रदेश सरकार, पर्यटन, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कास्की, गण्डकी प्रदेश)
पान नं. : ३०१६२२९७०

**ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगाना**

श्री पुर्ण बहादुर कार्की को नाती, श्री दल बहादुर कार्की को छोरा, श्रीमती उर्मिला कार्की को पती, भक्तपुर जिल्ला, गुण्डु गा.वि.स वडा नं. ३ स्थाई ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ४ बस्ने श्री **अमृत बहादुर कार्की** (ना.प्र.नं. २१०-०३९-४०, जारी मिति २०३९/०५/०९, दोस्रो प्रतिलिपि मिति २०७१/०१/२८ जि.प्र.का. भक्तपुर) ।

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री दल बहादुर कार्की की बुहारी, श्री बल बहादुर श्रेष्ठ की छोरी, श्री अमृत बहादुर कार्की की पत्नी, चितवन जिल्ला, पंचकन्या गा.वि.स वडा नं. ८ स्थाई ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. ४ बस्ने श्रीमती **उर्मिला कार्की** (ना.प्र.नं.३४११, जारी मिति २०५१/०२/०१, प्रथम प्रतिलिपि मिति २०६६/०३/११, जि.प्र.का. चितवन) ।
२. श्री दल बहादुर कार्की को नाती, श्री अमृत बहादुर कार्की को छोरा, श्रीमती सुनिता कार्की को पती, भक्तपुर जिल्ला, गुण्डु गा.वि.स वडा नं. ३ स्थाई ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा वडा नं. ७ बस्ने श्री **अन्जन कार्की** (ना.प्र.नं. २७३५४, जारी मिति २०६२/०७/०४ जि.प्र.का. भक्तपुर)।

**४. ऋणीको नाम र ठेगाना**

श्री पुर्ण बहादुर कार्की को नाती, श्री दल बहादुर कार्की को छोरा, श्रीमती उर्मिला कार्की को पती, भक्तपुर जिल्ला, गुण्डु गा.वि.स वडा नं. ३ स्थाई ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. ४ बस्ने श्री **अमृत बहादुर कार्की** (ना.प्र.नं. २१०-०३९-४०, जारी मिति २०३९/०५/०९, दोस्रो प्रतिलिपि मिति २०७१/०१/२८ जि.प्र.का. भक्तपुर) ।

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री दल बहादुर कार्की की बुहारी, श्री बल बहादुर श्रेष्ठ की छोरी, श्री अमृत बहादुर कार्की की पत्नी, चितवन जिल्ला, पंचकन्या गा.वि.स वडा नं. ८ स्थाई ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. ४ बस्ने श्रीमती **उर्मिला कार्की** (ना.प्र.नं.३४११, जारी मिति २०५१/०२/०१, प्रथम प्रतिलिपि मिति २०६६/०३/११, जि.प्र.का. चितवन) ।
२. श्री दल बहादुर कार्की को नाती, श्री अमृत बहादुर कार्की को छोरा, श्रीमती सुनिता कार्की को पती, भक्तपुर जिल्ला, गुण्डु गा.वि.स वडा नं. ३ स्थाई ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा वडा नं. ७ बस्ने श्री **अन्जन कार्की** (ना.प्र.नं. २७३५४, जारी मिति २०६२/०७/०४, जि.प्र.का. भक्तपुर) ।

**५. ऋणीको नाम र ठेगाना**

श्री दल बहादुर कार्की की बुहारी, श्री बल बहादुर श्रेष्ठ की छोरी, श्री अमृत बहादुर कार्की की पत्नी, चितवन जिल्ला, पंचकन्या गा.वि.स वडा नं. ८ स्थाई ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. ४ बस्ने श्रीमती **उर्मिला कार्की** (ना.प्र.नं.३४११, जारी मिति २०५१/०२/०१, प्रथम प्रतिलिपि मिति २०६६/०३/११, जि.प्र.का. चितवन) ।

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री पुर्ण बहादुर कार्की को नाती, श्री दल बहादुर कार्की को छोरा, श्रीमती उर्मिला कार्की को पती, भक्तपुर जिल्ला, गुण्डु गा.वि.स वडा नं. ३ स्थाई ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा वडा नं. ४ बस्ने श्री **अमृत बहादुर कार्की** (ना.प्र.नं. २१०-०३९-४०, जारी मिति २०३९/०५/०९, दोस्रो प्रतिलिपि मिति २०७१/०१/२८, जि.प्र.का. भक्तपुर)
२. श्री दल बहादुर कार्की को नाती, श्री अमृत बहादुर कार्की को छोरा, श्रीमती सुनिता कार्की को पती, भक्तपुर जिल्ला, गुण्डु गा.वि.स वडा नं. ३ स्थाई ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा वडा नं. ७ बस्ने श्री **अन्जन कार्की** (ना.प्र.नं. २७३५४, जारी मिति २०६२/०७/०४, जि.प्र.का. भक्तपुर)।

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL



## मकालु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

नुम, संखुवासभा
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मितिः २०८२/१०/१८)

यस मकालु गाउँपालिकाबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आह्वानको सूचनाहरूको म्याद भित्र पर्न आएका बोलपत्रहरूको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही (Lowest Evaluated Substantially Responsive Bidder) तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन (पहिलो संसोधन) २०६३, को दफा २७(२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजननार्थ सम्बन्धित सम्पूर्ण बोलपत्र दाताहरुको जानकारीको लागि यो ७ दिने बोलपत्र स्वीकृतको आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः-**

| क्र.स. | बोलपत्र/ठेक्का नं | खरिद कार्यको विवरण | बोलपत्र आह्वान मिति | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ. कर समेत) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | MRM/W/ 05/2082-83 | Upgradation of Baklek – Ekuwa Road Makalu 03 (0+000 to 7+040) | २०८२/०९/०२ (2025 Dec, 17) | श्री हिमालयन शेर्पा कन्स्ट्रक्सन, मकालु ०२, सेदुवा । | ९४,६४,५९२.३६ (अक्षेरुपी रु चौरानब्बे लाख चौंसाठी हजार पाँच सय बयानब्बे र छतीस पैसा मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**

# युनान युथ टिमविरुद्ध नेपाल यु–२० महिला टिमको जित




**काठमाडौं/मस–** दोस्रो हाफको अन्तिम क्षणहरूमा लगातार तीन गोल गर्दै नेपाली यु-२० महिला राष्ट्रिय फुटबल टोलीले चीनको युनान प्रान्तको युथ महिला टोलीलाई मैत्रीपूर्ण खेलमा ३-१ ले पराजित गरेको छ।

चिनियाँ नयाँ वर्षको अवसरमा शनिबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न खेलमा नेपाल पहिलो हाफमा एक गोलले पछि परेको अवस्थाबाट उत्कृष्ट पुनरागमन गर्दै जित निकाल्न सफल भयो । नेपालका लागि सुक्रिया मिया, कप्तान बिर्सना चौधरी र सजनी स्याङ्तानले एक-एक गोल गरे ।

खेलको ४१औं मिनेटमा सी सियाओतिङले गोल गर्दै युनान युथ टोलीलाई अग्रता दिलाएकी थिइन्। पहिलो हाफमा पछि परेको नेपालले दोस्रो हाफको अन्त्यतिर आक्रामक खेल प्रदर्शन गर्दै खेलको लय आफ्नो पक्षमा मोड्यो ।

८४औं मिनेटमा सुक्रिया मियाले बराबरी गोल फर्काउँदै खेललाई १-१ को अवस्थामा पुर्‍याइन् । त्यसको तीन मिनेटपछि कप्तान बिर्सना चौधरीले गोल गर्दै नेपाललाई २-१ को अग्रता दिलाइन् । त्यसपछि इन्जुरी समयको पाँचौं मिनेटमा वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेकी सजनी स्याङ्तानले गोल गर्दै नेपाललाई ३-१ को जित दिलाइन् ।

अखिल नेपाल फुटबल संघ (एन्फा), युनान विश्वविद्यालयको शारीरिक शिक्षा संकाय तथा नेपाल ओभरसिज चिनियाँ संघको संयुक्त आयोजनामा तथा नेपालस्थित चिनियाँ दूतावास र राष्ट्रिय खेलकुद परिषद् (राखेप) को समन्वयमा उक्त मैत्रीपूर्ण खेल आयोजना गरिएको हो ।

खेलअघि नेपाल र चीनका सांस्कृतिक विविधता झल्काउने विशेष सांस्कृतिक प्रस्तुतिहरू पनि देखाइएको थियो । चीनतर्फबाट ड्रयागन नृत्य प्रस्तुत गरिएको थियो भने नेपालतर्फबाट परम्परागत पञ्चेबाजा बजाइएको थियो ।

मैत्रीपूर्ण खेलअघि आयोजित कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्रद्धा श्रेष्ठले नेपाल-चीन सम्बन्ध ऐतिहासिक रूपमा मैत्रीपूर्ण रहेको उल्लेख गर्दै खेलकुद र संस्कृतिले जनस्तरको कूटनीति सुदृढ गर्न महत्वपूर्ण भूमिका खेल्ने बताइन् । उनले यस्ता खेलहरूले भाषा, भूगोल र राजनीतिभन्दा माथि उठेर मित्रता, सहकार्य र विश्वास निर्माण गर्ने प्रभावकारी माध्यम बन्ने धारणा व्यक्त गरिन् ।

चिनियाँ नयाँ वर्षको अवसर पारेर एन्फाले पछिल्ला तीन वर्षदेखि नेपाल र चिनियाँ युवा टोलीबीच यस्ता मैत्रीपूर्ण खेलको आयोजना गर्दै आइरहेको छ ।

## टाइगर कप भलिबल

# गण्डकीले जित्यो पुरुषतर्फको उपाधि




**पोखरा/मस–** गण्डकी प्रदेशले छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब भलिबल च्याम्पियनसिपको पुरुषतर्फको उपाधि रक्षा गर्न सफल भएको छ।

पोखरा रंगशालास्थित भलिबल कोर्टमा शनिबार सम्पन्न फाइनल खेलमा गण्डकीले विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-१ सेटले पराजित गर्दै उपाधि जितेको हो । पहिलो सेट २३-२५ ले गुमाएको गण्डकीले त्यसपछिका तीन सेटमा उत्कृष्ट पुनरागमन गर्दै २८-२६, २५-२२ र २५-१७ को जित निकालेको थियो । उपाधिसँगै गण्डकी प्रदेशले ६ लाख ६६ हजार ६६६ रुपैयाँ पुरस्कार हात पार्‍यो । उपविजेता नेपाल पुलिस क्लबले ३ लाख ६६ हजार ६६६ रुपैयाँमा चित्त बुझायो । तेस्रो स्थान हासिल गरेको पर्वत जिल्ला भलिबल संघले २ लाख ६ हजार ६६६ रुपैयाँ पुरस्कार प्राप्त गर्‍यो ।

तेस्रो स्थानका लागि भएको खेलमा पर्वत जिल्ला भलिबल संघले त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको थियो ।

व्यक्तिगत विधातर्फ गण्डकीका मुस्ताफा खान प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित भए। उनले २६ हजार ६६६ रुपैयाँ पुरस्कार प्राप्त गरे । यस्तै, सर्भरतर्फ अद्नान खान, लिबेरोतर्फ भीमबहादुर गाहा, सेटरतर्फ बलराम गुरुङ, ब्लकरतर्फ फहद राज, स्पाइकरतर्फ फखर वाट्टु र प्रशिक्षकतर्फ रमेश केसी उत्कृष्ट घोषित भए । उनीहरूले जनही ११ हजार १११ रुपैयाँ पुरस्कार हात पारे ।

महिलातर्फको उपाधि भने न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबले जितेको थियो । प्रतियोगितामा नेपाल पुलिस क्लब उपविजेता र थाइल्यान्ड क्विन्स तेस्रो बने ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा माघ ९ गतेदेखि सञ्चालन भएको च्याम्पियनसिपमा पुरुषतर्फ ६ र महिलातर्फ ५ टोली सहभागी थिए ।

# यलम्बर कप ब्याडमिन्टनको यु–१७ मा सौर्य च्याम्पियन



**काठमाडौं/मस–** नेपाल आर्मीका सौर्य महर्जन चौथो यलम्बर कप राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगिताको यु-१७ ब्वाइज सिंगल्समा शनिबार च्याम्पियन बनेका छन् ।

नखिपोटस्थित आयोजक नखिपोट युथ क्लबको कभर्डहलमा भएको फाइनलमा सौर्यले आर्मीकै प्रतिक विष्टलाई ११-२१, २१-१७ र २१-११ को सोझो सेटमा पराजित गरे ।

नखिपोट युथ क्लब ब्याडमिन्टन सर्कलको सह-आयोजनामा भएको प्रतियोगिताको महिला डबल्समा कास्कीका दिलाशा राना र तिलमाया रानाको जोडी पहिलो भए । उक्त जोडीले फाइनलमा एपीएफकी नविना राई र आयोजक नखिपोट युथ क्लबकी निसाम हाङमा सुब्बाको जोडीलाई २१-१९ र २३-२१ को सोझो सेटमा हराए ।

पुरुष डबल्सको क्याटगोरी 'ए' मा आर्मीका विधान अधिकारी र प्रवीण लिङथेपको जोडीले फाइनलमा सूर्यदर्शनका दीपक राणा र लक्ष्मण मल्ल ठकुरीको जोडीलाई २१-१६ र २१-१४ ले पाखा लगाउदै शीर्ष स्थान हात पारे ।

पुरुष डबल्सको क्याटगोरी 'बी' मा उत्सव सप्लायर्स, चितवनका विधान गुरुङ र एनवाईसीका जोन जस्राजको जोडीले स्वर्ण जिते । सो जोडीले फाइनलमा इटहरीका संगम गिरी र सन्देश रायमाझीको जोडीलाई २१-१९ र २१-१६ को सोझो सेटमा पन्छाए ।

भेट्रान ४५ वर्षमाथि पुरुष डबल्समा पीएफसीका सञ्जय कपाली र अनिल थाम्सुहाङको जोडीले कास्कीका प्रेमकुमार गुरुङ र शम्भु श्रेष्ठको जोडीलाई २१-९, १३-२१ र २१-१२ को सेटमा पराजित गर्दै स्वर्ण चुमे ।

विजेतालाई ललितपुर महानगरपालिका वडा १४ का अध्यक्ष अमृतजंग महत, नखिपोट ब्याडमिन्टन सर्कलका अध्यक्ष जयराम राई, आयोजक नखिपोट युथ क्लबका अध्यक्ष इन्द्रजित आङबुहाङ लिम्बू, प्रतियोगिता संयोजक बसन्त राईलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

सबै स्पर्धाका पदक विजेताले नगद पुरस्कार पाए । कुल ५ लाख ५५ हजार नगद पुरस्कार वितरण गरियो । चारदिने प्रतियोगितामा ४ डबल्स र १ सिंगल्स गरी ५ स्पर्धामा ३ सय १४ खेलाडीले सहभागिता जनाएको आयोजक क्लबका कोषाध्यक्ष सुजन राईले जनाएका छन् ।

# गेटवेलाई क्याम्ब्रिज फुटसल उपाधि

**काठमाडौं/मस–** गेटवे इन्टरनेसनल एकेडेमीले प्रथम क्याम्ब्रिज कप छात्र फुटसल प्रतियोगिताको उपाधि जितेको छ।

पुरानो बानेश्वरको रोहिनी मार्गस्थित आयोजक क्याम्ब्रिज पब्लिक हाइ स्कुलमा भएको फाइनलमा गेटवेले नेक्सस इन्टरनेसनल एकेडेमीलाई पेनाल्टी सुटआउटमा ४-३ गोलले पराजित गर्‍यो । निर्धारित समयको खेल २-२ गोलको बराबरीमा सकिएको थियो । उपाधिसंगै गेटवेले ३० हजार तथा नेक्ससले २० हजार नगद पुरस्कार हात पारे ।

पिस प्वाइन्टले अवेरनेस इन्टरनेसनल एकेडेमी (एआईए) लाई ५-१ गोलले हराउदै तेश्रो भयो । पिस प्वाइन्टले १० हजार नगद पुरस्कार प्राप्त गर्‍यो ।

गेटवेका अनुप तामाङ उत्कृष्ट खेलाडी तथा गेटवेकै सौगात कार्की उत्कृष्ट गोलरक्षक घोषित भए । पिस प्वाइन्टका सुरज रेग्मी सर्वाधिक गोलकर्ता बने ।

विजेतालाई नेपाल प्रहरीका पूर्व महानिरीक्षक धीरजप्रताप सिंह, अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघका कार्यकारी सदस्य समेत रहेका नेपाल विद्यालय खेलकुद महासंघका महासचिव राजकुमार कार्की, राष्ट्रिय महिला फुटबल टोलीकी गोलरक्षक अन्जना राना मगर, क्याम्ब्रिजकी संस्थापक प्रधानाध्यापक रिता राई दाहाललगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । दुईदिने प्रतियोगितामा २१ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए ।


## एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८२१०१८ को मध्यान्ह राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८२१०२५ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरणः**

**१. ऋणीको नामः श्री कृष्ण वस्त्रालय एण्ड एच के सप्लायर्स** — **कर्जा शिर्षकः** क्यास क्रेडिट र चालुपूंजी कर्जा

(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति बिरेन्द्रनगर, सुर्खेतमा दर्ता रहेको) दर्ता नं.: ८९६२, दर्ता मितिः २०५८/०९/०८, स्थायी लेखा नं.: ३०१०७५९७६, ठेगानाः सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**हेमकर्ण थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): २६७/०५५/०५६(२०५५/०७/२९/सुर्खेत), बाजेको नामः रण बहादुर थापा, बाबुको नामः कर्णबहादुर थापा, ठेगानाः दैलेख जिल्ला, कालभैरव गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. कृष्णा कुमारी थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६३६७४(२०६०/०७/०७/सुर्खेत), बाबुको नामः ईन्द्र बहादुर खत्री, ससुराको नामः कर्णबहादुर थापा, पतिको नामः हेमकर्ण थापा, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**ख. तुल्सा थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान):२६६/२०५५/०५६(२०५५/०७/२९/सुर्खेत), बाबुको नामः टेक बहादुर खड्का, ससुराको नामः रण बहादुर थापा, पतिको नामः कर्णबहादुर थापा, ठेगानाः दैलेख जिल्ला, कालभैरव गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**ग. करण थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७४-०३९२८(२०७४/०७/०५/सुर्खेत), बाजेको नामः कर्णबहादुर थापा, बाबुको नामः हेमकर्ण थापा, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**घ. आकाश थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७२-०१७०६ (२०७२/०३/३०/सुर्खेत), बाजेको नामः कर्णबहादुर थापा, बाबुको नामः हेमकर्ण थापा, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**२. ऋणीको नामः न्यू श्री कृष्ण बस्त्रालय एण्ड जनरल अडर सप्लायर्स** — **कर्जा शिर्षकः** चालुपूंजी कर्जा, ओभरड्राफ्ट सुविधा र डिमाण्ड कर्जा

(नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, सुर्खेतमा दर्ता रहेको) दर्ता नं.: ११४६/०६६/६७, दर्ता मितिः २०६६/०८/२५, स्थायी लेखा नं.: ६०००३५७०३, ठेगानाः सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**प्रोप्राईटरः**

कृष्णा कुमारी थापा : ना.प्र.प.नं (जारी मिति/स्थान): ६३६७४(२०६०/०७/०७/सुर्खेत), बाबुको नामः ईन्द्र बहादुर खत्री, ससुराको नामः कर्णबहादुर थापा, पतिको नामः हेमकर्ण थापा, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. हेमकर्ण थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): २६७/०५५/०५६(२०५५/०७/२९/सुर्खेत), बाजेको नामः रण बहादुर थापा, बाबुको नामः कर्णबहादुर थापा, ठेगानाः दैलेख जिल्ला, कालभैरव गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**ख. तुल्सा थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान):२६६/२०५५/०५६(२०५५/०७/२९/सुर्खेत), बाबुको नामः टेक बहादुर खड्का, ससुराको नामः रण बहादुर थापा, पतिको नामः कर्णबहादुर थापा, ठेगानाः दैलेख जिल्ला, कालभैरव गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**ग. करण थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७४-०३९२८(२०७४/०७/०५/सुर्खेत), बाजेको नामः कर्णबहादुर थापा, बाबुको नामः हेमकर्ण थापा, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**घ. आकाश थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७२-०१७०६ (२०७२/०३/३०/सुर्खेत), बाजेको नामः कर्णबहादुर थापा, बाबुको नामः हेमकर्ण थापा, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**३. ऋणीको नामः श्रीकृष्ण इम्पेक्स** — **कर्जा शिर्षकः** क्यास क्रेडिट

(कर्णाली प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय वीरेन्द्रनगर, सुर्खेतमा दर्ता रहेको) दर्ता नं.: १४९८०/०७८/०७९, दर्ता मितिः २०७८/०८/२१, स्थायी लेखा नं.:३०१०७५९७६, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**हेमकर्ण थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): २६७/०५५/०५६(२०५५/०७/२९/सुर्खेत), बाजेको नामः रण बहादुर थापा, बाबुको नामः कर्णबहादुर थापा, ठेगानाः दैलेख जिल्ला, कालभैरव गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. कृष्णा कुमारी थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६३६७४(२०६०/०७/०७/सुर्खेत), बाबुको नामः ईन्द्र बहादुर खत्री, ससुराको नामः कर्णबहादुर थापा, पतिको नामः हेमकर्ण थापा, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**ख. तुल्सा थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान):२६६/२०५५/०५६(२०५५/०७/२९/सुर्खेत), बाबुको नामः टेक बहादुर खड्का, ससुराको नामः रण बहादुर थापा, पतिको नामः कर्णबहादुर थापा, ठेगानाः दैलेख जिल्ला, कालभैरव गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**ग. करण थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७४-०३९२८(२०७४/०७/०५/सुर्खेत), बाजेको नामः कर्णबहादुर थापा, बाबुको नामः हेमकर्ण थापा, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**घ. आकाश थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७२-०१७०६ (२०७२/०३/३०/सुर्खेत), बाजेको नामः कर्णबहादुर थापा, बाबुको नामः हेमकर्ण थापा, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**४. ऋणीको नामः न्यू विशाल कन्स्ट्रक्सन** — **कर्जा शिर्षकः** बैंक जमानत र सवारी साधन कर्जा

(वीरेन्द्रनगर नगर कार्यपालिका उद्योग विकास शाखा सुर्खेत, ६ नं. प्रदेश, नेपालमा दर्ता रहेको), दर्ता नं.: ३५०१/०७४/०७५, दर्ता मितिः २०७४/०५/२९, स्थायी लेखा नं.: ६०००३५७०३, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ४ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**कृष्णा कुमारी थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६३६७४(२०६०/०७/०७/सुर्खेत), बाबुको नामः ईन्द्र बहादुर खत्री, ससुराको नामः कर्णबहादुर थापा, पतिको नामः हेमकर्ण थापा, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. हेमकर्ण थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): २६७/०५५/०५६(२०५५/०७/२९/सुर्खेत), बाजेको नामः रण बहादुर थापा, बाबुको नामः कर्णबहादुर थापा, ठेगानाः दैलेख जिल्ला, कालभैरव गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**ख. तुल्सा थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान):२६६/२०५५/०५६(२०५५/०७/२९/सुर्खेत), बाबुको नामः टेक बहादुर खड्का, ससुराको नामः रण बहादुर थापा, पतिको नामः कर्णबहादुर थापा, ठेगानाः दैलेख जिल्ला, कालभैरव गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**ग. करण थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७४-०३९२८(२०७४/०७/०५/सुर्खेत), बाजेको नामः कर्णबहादुर थापा, बाबुको नामः हेमकर्ण थापा, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**घ. आकाश थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७२-०१७०६ (२०७२/०३/३०/सुर्खेत), बाजेको नामः कर्णबहादुर थापा, बाबुको नामः हेमकर्ण थापा, ठेगानाः सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

**माथि उल्लेखित चारै ऋणीहरुको लिलाम हुने धितोहरुको विवरणः**

**क.** ईन्द्र बहादुर खत्रीको छोरी, कर्णबहादुर थापाको बुहारी, हेमकर्ण थापाको पत्नी, सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ बस्ने **कृष्णा कुमारी थापा**को नाममा मालपोत कार्यालय बीरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स./न.पा., वडा नं. ३ स्थित कि.न. ३५९४ को क्षेत्रफल ०-०-७³/⁴ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** टेक बहादुर खड्काको छोरी, रण बहादुर थापाको बुहारी, कर्णबहादुर थापाको पत्नी, दैलेख जिल्ला, कालभैरव गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६ बस्ने **तुल्सा थापा**को नाममा मालपोत कार्यालय बीरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला कटकुवा गा.वि.स./न.पा., वडा नं. ३ स्थित कि.न. १६९६ को क्षेत्रफल ०-०-७³/⁴ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**५. ऋणीको नामः मोर्डन नेपाल ट्रेड लिङ्क** — **कर्जा शिर्षकः** आवधिक कर्जा, चालुपूंजी कर्जा र ओभरड्राफ्ट सुविधा

(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको), दर्ता नं.: ४८०२/०७४/०७५, दर्ता मितिः २०७४/१२/२८, स्थायी लेखा नं.: ६०३९३६०७२, ठेगानाः तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं १ ।

**प्रोप्राईटरः**

**सफल खड्काः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४३१००१/१६ (२०६७/०३/०६/तनहुँ), बाजेको नामः शेर बहादुर खड्का, बाबुको नामः झलक बहादुर खड्का क्षेत्री, ठेगानाः तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं १ ।

**व्यक्तिगत जमानतकर्ताः**

**कोपिलादेवि खड्का क्षेत्रीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७५४ (२०४९/१०/२२/तनहुँ), बाबुको नामः डिल बहादुर क्षेत्री, ससुराको नामः शेर बहादुर खड्का, पतिको नामः झलक बहादुर खड्का क्षेत्री, ठेगानाः तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं १ ।

**६. ऋणीको नामः होटल सफल** — **कर्जा शिर्षकः** आवधिक कर्जा

(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समिति, तनहुँमा दर्ता रहेको), दर्ता नं.: ३५३१/०७०/०७१, दर्ता मितिः २०७०/०४/०६, स्थायी लेखा नं.: ६०१२६५६६६, ठेगानाः तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं १ ।

**प्रोप्राईटरः**

**कोपिलादेवि खड्का क्षेत्रीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७५४ (२०४९/१०/२२/तनहुँ), बाबुको नामः डिल बहादुर क्षेत्री, ससुराको नामः शेर बहादुर खड्का, पतिको नामः झलक बहादुर खड्का क्षेत्री, ठेगानाः तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं १ ।

**व्यक्तिगत जमानतकर्ताः**

**सफल खड्काः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४३१००१/१६ (२०६७/०३/०६/तनहुँ), बाजेको नामः शेर बहादुर खड्का, बाबुको नामः झलक बहादुर खड्का क्षेत्री, ठेगानाः तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं १ ।

**माथि उल्लेखित दुई ऋणीहरुको लिलाम हुने धितोहरुको विवरणः**

शेर बहादुर खड्काको नाति, झलक बहादुर खड्का क्षेत्रीको छोरा, तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं १ बस्ने **सफल खड्का**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरुः

**क.** तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ९/छ स्थित कि.न. ५९१ को क्षेत्रफल १-०-२-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ९/ङ स्थित कि.न. ८६३, ८६१ र ११०८ को क्षेत्रफल क्रमशः ०-१५-०-०, ०-१-०-० र ०-५-१-० रोपनीको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**७. ऋणीको नामः निरज सुनार** — **कर्जा शिर्षकः** व्यक्तिगत आवधिक कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ४३१०३६/११३७३५ (२०६५/१२/०५/तनहुँ), बाजेको नामः ऋषि राम सुनार, बाबुको नामः कृष्ण बहादुर सुनार, ठेगानाः तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. १, शेराबेसी ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. कौशिला वि.क. सुनारः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४३१०३६/४७४ (२०७०/१२/१३/तनहुँ), बाबुको नामः हर्क बहादुर वि.क, ससुराको नामः कृष्ण बहादुर सुनार, पतिको नामः निरज सुनार, ठेगानाः तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. १, शेराबेसी ।

**ख. कृष्ण बहादुर सुनारः** ना.प्र.प.नं (जारी मिति/स्थान): ११४१ (२०४५/०१/१७/तनहुँ), बाजेको नामः भक्के सुनार, बाबुको नामः ऋषिराम सुनार, ठेगानाः तनहुँ जिल्ला, थप्रेक गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. १, शेराबेसी ।

**लिलाम हुने धितोको विवरणः**

ऋषिराम सुनारको नाति, कृष्ण बहादुर सुनारको छोरा, तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. १, शेराबेसी बस्ने **निरज सुनार**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, स्थानथोक गा.वि.स./न.पा. वडा नं. १/ग स्थित कि.न. ५३ को क्षेत्रफल ०-९-३-१ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९



## युएईमा रोजगार

कम्पनीः EMPOWER EMPLOYMENT SERVICES L.L.C — शहरः UAE

पूर्व स्वीकृत मितिः २०८२/१०/१५ — चलानी नं.: ६०२५१५१९ — L.T. No.: 337945

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३९,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २५ गते (8 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु.२१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Zahra Human Resources Consultancy Private Limited**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01-4586369, Mob.: 9810003423, 9704414954
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com
Gov. Lic No.: 1657/080/081

## नेक्सजेन म्यानेजमेन्टले पायो 'डबल बी' रेटिङ

NexGen Management & Equity Solutions (An Assets Management & Business Consultancy Com.)

**काठमाडौं/मस–** नेक्सजेन म्यानेजमेन्ट एण्ड इक्विटी सोलुसन्स लिमिटेडलाई केयर रेटिङ नेपाल लिमिटेडले (एनपी 'डबल बी') रेटिङ प्रदान गरेको छ। सर्वसाधारणमा प्रारम्भिक सार्वजनिक निष्काशन (आईपीओ) प्रक्रिया अघि बढाउने तयारीस्वरूप केयर (एनपी 'डबल बी') इस्युअर रेटिङ प्राप्त गरेको हो।

केयर रेटिङ नेपालले २०८२ माघ १४ गते गरेको मूल्यांकनका आधारमा नेक्सजेनलाई सो रेटिङ प्रदान गरेको हो।

लगानी कम्पनीका रूपमा सञ्चालन हुँदै आएको नेक्सजेन म्यानेजमेन्टले २०८२ पुस मसान्तसम्म संस्थापक सेयरयरधनीहरूबाट ५० करोड रुपैयाँ पुँजी संकलन गरिसकेको छ। २०७४ सालमा स्थापना भएको कम्पनी पछिल्ला ६ वर्षदेखि निरन्तर खुद नाफामा रहँदै आएको छ। साथै, कम्पनीको नेटवर्थ हाल अंकित मूल्यभन्दा माथि रहेको जनाएको छ।

माघ ५ गते सम्पन्न विशेष साधारण सभाले कम्पनीको २० प्रतिशत आईपीओ निष्काशन गर्ने निर्णय पारित गर्दै कम्पनीको चुक्ता पुँजी ६२ करोड ५० लाख रुपैयाँ पुऱ्याउने प्रस्ताव पनि स्वीकृत गरेको छ। साथै, आईपीओ निष्काशन प्रक्रिया व्यवस्थापनका लागि कम्पनीले लक्ष्मी सनराइज क्यापिटल मार्केटसँग पनि सम्झौता गरिसकेको छ।

## बढ्यो डिजेलको मूल्य

**काठमाडौं/मस–** पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएको छ। नेपाल आयल निगम लिमिटेडले भारतीय आयल कर्पोरेसनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार डिजेल, मट्टितेल र हवाई इन्धनको मूल्य समायोजन गर्दै शनिबार राति १२ बजेदेखि लागू हुनेगरी डिजेल र मट्टितेलको मूल्य वृद्धि गरेको हो।

निगमले नयाँ मूल्यसूची अनुसार डिजेल र मट्टितेलमा प्रतिलिटर ३ रुपैयाँ वृद्धि भएको जनाएको छ। तर, आन्तरिक हवाई इन्धनको मूल्य भने निगमले आन्तरिक उडानतर्फ प्रति लिटर १ रुपैयाँ र अन्तर्राष्ट्रिय उडानमा प्रति किलोलिटर ७ रुपैयाँले घटेको निगमले जनाएको छ।

ग्यासको मूल्य ४५ रुपैयाँले बढेर आए पनि हाललाई यथावत् राखिएको पनि निगमले एक सूचनामार्फत जनाएको छ। पेट्रोलको मूल्य यथावत् राखिएको छ।

**निजी क्षेत्रको माग**

# दलको घोषणापत्रमा 'लगानी प्रवर्धन दशक घोषणा'

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, १७ माघ




देश निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दलले चुनावी एजेण्डाको रूपमा आफ्नो घोषणापत्रको तयारीमा छन्। दलले घोषणा पत्रमा निजी क्षेत्रको चासो समेत बढ्दो छ। निजी क्षेत्रले देशको आर्थिक समृद्धिको लागि आर्थिक एजेन्डालाई पहिलो प्राथामिकता दिएर घोषणापत्र बनाउन पर्नेमा जोड दिएका छन्।

अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान पुऱ्याइरहेको निजी क्षेत्रका उद्योगी तथा व्यवसायीले स्वदेशी एवं वैदेशिक लगानी र प्रविधि आकर्षित गर्न लगानी प्रवर्धन दशक घोषणा गरी नीतिगत स्थायित्व दिने घोषणापत्र बनाउन राजनीतिक दललाई आग्रह गरेका हुन्। ७५ वर्षमा एक दर्जन बढी निर्णायक र परिवर्तनकारी राजनीतिक आन्दोलन भएपनि सर्वसाधारणको जीविकामा समयानुकुल सुधार हुन नसक्दा सबैतिर निराशा बढेको व्यवसायीको भनाइ छ।

निजी क्षेत्रले निर्वाध रूपमा काम गर्न नपाउँदा पर्याप्त रोजगारी र स्वरोजगारीका अवसर सिर्जना नभएको र निजी क्षेत्र प्रतिको अवधारणा सरकार र समाजमा सकारात्मक हुन नसकेको नेपाल उद्योग वाणिज्य महासंघको निष्कर्ष छ।

नेपाल उद्योग वाणिज्य महासंघले शनिबार 'घोषणापत्रमा निजी क्षेत्र' सार्वजनिक गर्दै लगानीको वातावरणको लागि दलहरूले घोषणामा लगानी दशकको योजना ल्याउनुपर्नेमा जोड दिएको छ। निजी क्षेत्रले लगानी बोर्ड र उद्योग विभागलाई एकीकृत गरी निजी क्षेत्रको सहभागितामा शक्तिशाली लगानी प्रवर्धन एवं संरक्षण बोर्ड स्थापना गरी सम्पूर्ण सेवा एक स्थानबाट दिने नीतिगत व्यवस्थासहितको घोषणापत्र आवश्यक रहेको व्यवसायीको भनाइ छ।

न्यून राजस्व र वैदेशिक ऋणको बढ्दो सावाँ ब्याज भुक्तानीको चापले सरकारसँग श्रोतको अभाव हुने भएकोले विकास निर्माण परियोजनामा निजी क्षेत्रलाई संलग्न गराउन लगानी संरक्षण एवं प्रवर्धन बोर्ड मार्फत निजी, सार्वजनिक लगानी प्रवर्धन कार्ययोजना बन्नु पर्नेमा उद्योगीहरूले जोड दिए।

महासंघका अध्यक्ष चन्द्र ढकालले उद्यमी-व्यवसायीको मनोबल उच्च राख्ने गरी घोषणापत्र आउनुपर्नेमा जोड दिए। निर्वाध पेसा-व्यवसाय गर्न पाउने अधिकार, सम्पत्तिको हकसम्बन्धी संविधानप्रदत्त नैसर्गिक अधिकारको सम्मान र नीतिगत स्थायित्व सुनिश्चित नगरी लगानी बिस्तार सम्भव नहुने उनको भनाइ थियो।

यस्तै, लगानीको वातावरणलाई सहज बनाउन कर चुक्ता र व्यवसाय निरन्तर सञ्चालनमा रहेको अवस्थामा व्यवसाय नवीकरण गर्ने व्यवस्था आगामी आर्थिक वर्षदेखि नै खारेज गर्नुपर्ने, एकीकृत स्वचालित प्रणाली नआउन्जेलसम्म लघु तथा साना उद्यमीलाई स्थानीय वडामै दर्ता र राजस्व बुझाउन सकिने व्यवस्था आवश्यक रहेको व्यवसायीको माग छ।

राष्ट्रिय 'स्टार्टअप' उद्यम नीतिको परिमार्जन, सबै प्रदेशमा स्टार्टअप केन्द्र, १० वर्षसम्म कर छुट र थप पाँच वर्ष ५० प्रतिशत छुट, 'सय स्टार्टअप, सय लगानीकर्ता' जस्ता कार्यक्रम घोषणापत्रमा आउनु पर्ने महासंघले अवधारणा अघि सारेको छ। साथै, नेपाल उद्योग परिसंघले आर्थिक विकास सम्बन्धमा राष्ट्रिय सहमति तथा 'सोचपत्र' आवश्यक रहेको जनाएको छ। परिसंघले पनि आगामी १० वर्षभित्र नेपालको अर्थतन्त्रलाई १ सय अर्ब डलर बनाउनेगरी अगाडि बढ्नुपर्नेमा जोड दिएको छ।

## तनहुँ जलविद्युत् आयोजना
## तीनवटा प्याकेजमा तीव्र काम



**तनहुँ/मस–** तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको कामलाई तीव्र गतिमा अगाडि बढाइएको छ। ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन आयोजनाको तीनवटै प्याकेजमा कामलाई तीव्र गतिमा अघि बढाइएको हो।

आयोजनाको प्याकेज १ अन्तर्गत बाँधलगायतका संरचना (हेडवर्क्स), प्याकेज २ अन्तर्गत मुख्य सुरुङ, विद्युत्गृह तथा सम्बन्धित उपकरण र प्याकेज ३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए। प्याकेज १ अन्तर्गत बाँधलगायतका संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ। यो प्याकेजमा ४७ प्रतिशत प्रगति भएको भण्डारीले बताए। मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरुङ लगायतका संरचनाको निर्माण कार्य सकिएको छ।

मुख्य बाँध निर्माणका लागि सेती नदीलाई विसं २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो। विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण सकिएको जनाइएको छ।

उक्त कार्य सम्पन्न भएसँगै मुख्य बाँधको कङ्क्रिटिङ तथा सम्बन्धित ग्राउटिङ कार्य सुरु गर्न आवश्यक पूर्वाधार तयार भएको भण्डारीको भनाइ छ। 'आयोजनाको १४० मिटर अग्लो बाँध निर्माणका लागि विसं २०८१ चैत ७ गते पहिलो कङ्क्रिट राखी कङ्क्रिटिङ कार्यको सुरुवात गरिएको थियो', उनले भने, 'मुख्य बाँधको कङ्क्रिट, कोर ड्रिलिङ, ग्राउटिङ लगायतका काम जारी छन्।' प्याकेज २ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणको काम चीनको सिनो हाइड्रो कर्पोरेसनले गरिरहेको छ। यस अवधिसम्म भूमिगत संरचनाहरु निर्माणका लागि खन्ने कार्य सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माण कार्य सम्पन्न भएको भण्डारीले बताउनुभयो। विद्युत् गृह, केवल सुरुङ, सर्च ट्यांक, टेलरेसलगायतका संरचनाहरूको मुख्य कङ्क्रिटिङ कार्य सम्पन्न भएको यस प्याकेजको प्रगति ७२.५ प्रतिशत छ।

भण्डारीका अनुसार विद्युत् गृहको सिभिल कार्य करिब सम्पन्न भएको छ भने इलेक्ट्रोमेकानिकल काम जारी छ। विद्युत्गृहमा छाना लगाउने, पानी फाल्ने लगायतका काम भइरहेका छन्।

प्याकेज ३ प्रसारण लाइनअन्तर्गत केइसी इन्टरनेशनल लिमिटेड भारतले दमौली भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये ७८ वटा टावरहरुको जग हाल्ने काम सम्पन्न गरेको छ। यस प्याकेजको प्रगति ७४.५ प्रतिशत रहेको छ। यसका अतिरिक्त वन क्षेत्रको जग्गा प्रयोग र त्यहाँ रहेका रुखबिरुवा हटाउने अनुमतिका लागि उर्जा, जलस्रोत तथा सिचाइँ र अर्थ मन्त्रालयसँग आवश्यक पहल भइरहेको भण्डारीले बताए।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको व्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडीबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# गैरबैंकिङ वित्तीय संस्थाका लागि छुट्टै नियामक निकाय गठन गरिने




**काठमाडौं/मस–** कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषजस्ता मुलुकका प्रमुख गैरबैंकिङ वित्तीय संस्थाहरूको नियमन र अनुगमनका लागि छुट्टै विशिष्टीकृत नियामक निकाय गठन गरिने भएको छ। पाँचवर्षे वित्तीय क्षेत्र विकास रणनीति (आर्थिक वर्ष ०८२/८३ देखि ०८६/८७) ले गैरबैंकिङ वित्तीय संस्थाको स्थापना, सञ्चालन र नियमनका लागि अलग्गै संस्थागत संयन्त्र विकास गर्ने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको हो।

गत पुस २८ गते बसेको मन्त्रिपरिषद् बैठकले उक्त रणनीति स्वीकृत गरिसकेको छ। उक्त रणनीतिले मुलुकको वित्तीय प्रणालीलाई सबल, सुदृढ र समावेशी बनाउँदै दीर्घकालीन आर्थिक समृद्धिमा योगदान पुऱ्याउने लक्ष्य लिएको छ।

नेपालको वित्तीय प्रणालीमा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। सरकारी, सार्वजनिक, निजी तथा स्वरोजगार क्षेत्रमा संलग्न लाखौं नागरिकको बचत, निवृत्तिभरण र सामाजिक सुरक्षा योगदान यी कोषमा संकलन हुँदै आएको छ। यी कोषमार्फत संकलित दीर्घकालीन पुँजी पूर्वाधार विकास, पुँजी बजार, सरकारी ऋणपत्र तथा विभिन्न लगानी उपकरणमा परिचालन हुनुका साथै ठूलो वित्तीय भार व्यवस्थापन गरिरहेका यी संस्था स्पष्ट र एकीकृत नियामकीय संरचनाबाट बाहिर छन्।

हालसम्म नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको नियामकका रूपमा रहे पनि गैरबैंकिङ सामाजिक सुरक्षा कोष प्रत्यक्ष राष्ट्र बैंकको नियमनमा परेका छैनन्। अर्कोतर्फ, अर्थ मन्त्रालयको मातहत रहेर सञ्चालन हुँदै आएका यी कोषको नियमन, अनुगमन र जोखिम व्यवस्थापनमा संस्थागत कमजोरी बढ्दै जान थालेको देखिन्छ। यही सन्दर्भलाई सम्बोधन गर्दै पाँचवर्षे वित्तीय क्षेत्र विकास रणनीतिले गैर बैंकिङ वित्तीय संस्थाहरूका लागि छुट्टै नियामक संयन्त्र विकास गर्ने प्रस्ताव अघि सारेको हो।

रणनीतिले दिगो र समावेशी आर्थिक विकासलाई केन्द्रमा राख्दै नागरिक तथा राष्ट्रसेवक कर्मचारीको सामाजिक सुरक्षासम्बन्धी वित्तीय दायित्व व्यवस्थापनका लागि एकीकृत प्रणाली निर्माण गर्ने लक्ष्य राखेको छ। बचतलाई बढी उत्पादक क्षेत्रमा लगानी गर्ने, सामाजिक सुरक्षाको एकीकृत प्रणाली निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने तथा योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन गर्न आवश्यक कानुनी सुधार गर्ने विषय रणनीतिमा समेटिएका छन्।हाल सामाजिक सुरक्षा कार्यक्रम विभिन्न कोषमार्फत छरिएर सञ्चालन हुँदा दोहोरोपन, प्रशासनिक खर्च वृद्धि र सेवा प्रवाहमा जटिलता देखिएको छ। यसलाई अन्त्य गर्न योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई एकीकृत प्रणालीमार्फत सञ्चालन गर्ने योजना अघि सारिएको हो।

रणनीतिले सामाजिक सुरक्षा कार्यक्रमको दायरा विस्तारलाई विशेष प्राथमिकतामा राखेको छ। हाल सञ्चालनमा रहेका कोषहरूको कार्यक्रममा नसमेटिएका सरकारी, सार्वजनिक, निजी तथा असंगठित क्षेत्रका श्रमिक, स्वरोजगारमा रहेका व्यक्ति र वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सामाजिक सुरक्षा प्रणालीमा समेट्ने अध्ययन गरिने उल्लेख छ। विशेषगरी वैदेशिक रोजगारीमा रहेका श्रमिक तथा स्वरोजगारमा संलग्न व्यक्तिको योगदान नियमित गर्न भुक्तानीमा गेटवे (इ-कमर्स वेबसाइट वा एपहरूमा अनलाइन भुक्तानी स्वीकार गर्ने एक सुरक्षित सेवा) प्रणालीको पहुँच र सरलीकरण गरिने रणनीतिमा उल्लेख छ। यसले सामाजिक सुरक्षालाई सीमित वर्गको सुविधा नभई व्यापक नागरिक अधिकारका रूपमा विकास गर्ने अपेक्षा लिएको छ।

रणनीतिमा गैरबैंकिङ वित्तीय कोषहरूको लगानी विविधीकरणलाई अर्को महत्त्वपूर्ण सुधारका रूपमा प्रस्तुत गरिएको छ। कोषहरूमा संकलित बचतलाई बजारको मागअनुसार अल्पकालीन र दीर्घकालीन वित्तीय उपकरणमा लगानी गर्न कानुनी तथा नीतिगत व्यवस्था मिलाइने उल्लेख छ।

विशेषीकृत लगानी कोष र प्राइभेट इक्विटी फन्ड (उच्च नेटवर्थ भएका लगानीकर्ता) जस्ता क्षेत्रमा कोषलाई लगानी गर्न दिने व्यवस्था, सामाजिक सुरक्षा कार्यक्रममा सहभागी नागरिकका लागि आवासलगायत आधारभूत आवश्यकतासँग जोडिएका परियोजनामा लगानी विस्तार तथा कोषहरूको सहभागितामा आवास परियोजना विकास गर्ने योजनाले दीर्घकालीन पुँजी परिचालनलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

यसैगरी, पुँजी बजार विकासमा योगदान पुऱ्याउन बन्दमुखी सामूहिक कोष, 'पोर्टफोलियो म्यानेजमेन्ट सर्भिस' लगायत माध्यमबाट लगानी विविधीकरण गरिने रणनीतिमा उल्लेख छ। सामाजिक सुरक्षा कार्यक्रमको आवश्यकता, औचित्य, महत्व र नागरिकको कर्तव्यसम्बन्धी विषय समेटेर वित्तीय साक्षरता तथा सचेतना कार्यक्रम सञ्चालन गरिने विषयसमेत रणनीतिमा राखिएको छ। साथै, गैरबैंकिङ वित्तीय संस्थाहरूको नियमन र अनुगमनका लागि संस्थागत संयन्त्र विकास गर्ने, सहभागीको हित संरक्षणका लागि आचरणसम्बन्धी व्यवस्था गर्ने, सम्झौतामा सम्भावित जोखिम, सुविधा दाबी प्रक्रिया र गुनासो सुनुवाइ प्रणाली स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था गर्ने रणनीतिले ग्राहक संरक्षणलाई नीतिगत प्राथमिकतामा राखेको देखिन्छ। रणनीतिले विद्यमान कोषको भूमिका, कार्यक्षेत्र र जिम्मेवारी स्पष्ट पार्न सम्बन्धित ऐन संशोधन गर्ने, दोहोरोपन भएका कार्यक्रम एकीकृत गर्ने प्रस्ताव गरेको छ। आधुनिक सूचना प्रविधिको प्रयोगमार्फत सबै सेवा एउटै पोर्टलबाट उपलब्ध गराउने, बिमा, पेन्सन र ऋणलगानी सेवा एकीकृत गर्ने लक्ष्य पनि समेटिएको छ।

गैरबैंकिङ वित्तीय क्षेत्रमा अहिले सबैभन्दा संवेदनशील पक्ष भनेको संस्थागत सुशासन र जोखिम व्यवस्थापनको देखिन्छ। रणनीतिले वित्तीय, परिचालन, बजार तथा सामाजिक सुरक्षासम्बन्धी जोखिम पहिचान, मूल्यांकन र न्यूनीकरण गर्ने समग्र जोखिम व्यवस्थापन ढाँचा लागू गर्ने उल्लेख गरेको छ। साथै, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी कोषहरूको वित्तीय अवस्था, लगानी, प्रशासनिक खर्चलगायत विवरण नियमित सार्वजनिक गर्नुपर्ने व्यवस्था गर्ने भनिएको छ।


**Sudurpaschim ProvinceGovernment**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Bajhang**

**Letter of Intent**

**Date: 2082/10/18**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No. | Name & Address of Bidder | Bid Pricein RS (Excluding VAT & PS) |
| --- | --- | --- |
| IDOBAJHANG/W/SQ/R/82/83-01 | SurmeliNirmanSewaPra.Li., Surmaga. Pa. 4, Bajhang | 8,66,048.01 |
| IDOBAJHANG/W/SQ/R/82/83-02 | MastaDev Darshan company Pvt.Ltd, Bhatakhola 3, Bajhang | 9,17,225.00 |
| IDOBAJHANG/W/SQ/R/82/83-03 | Attyal Nirman Sewa, Bugal-11, Bajhang | 6,90,687.50 |
| IDOBAJHANG/W/SQ/R/82/83-04 | B.L.B Construction And Suppliers Pvt. Ltd, Masta-05, Bajhang | 7,65,415.99 |

**Office Chief**
**IDO Bajhang**



प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**